चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।
जाडो तथा चिसोको समयमाः
❖मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
❖बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
❖चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
❖शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
❖घर तथा कोठा न्यानो बनाऔं।
❖नियमित घाम ताप्ने गरौं।
स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

मजदुर दैनिक विज्ञापन शाखा
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
**भाइबर नं.** : ९७४४४२४४६५
**Gmail :** majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २७ ★ अङ्क : ३५६ ★ ने. सं. ११४६ पोहेला गा, दशमी ★ मङ्गलबार ★ २९ पुस, २०८२ ★ January 13, 2026, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## सी चिनफिङद्वारा पार्टी केन्द्रीय समितिको महत्त्वपूर्ण निर्णय र निर्देशनलाई व्यवहारमा उतार्नुपर्नेमा जोड



पेइचिङ, २८ पुस (सीजीटीएन) । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, राष्ट्राध्यक्ष एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले जनवरी १२ मा चिनियाँ कम्युनिस्ट पार्टीको २० औं केन्द्रीय अनुशासन निगरानी समितिको पाँचौं पूर्ण बैठकलाई महत्त्वपूर्ण सम्बोधन गर्नुभएको छ ।

सम्बोधनमा राष्ट्राध्यक्ष सीले भन्नुभयो, "पार्टीको सम्पूर्ण नेतृत्वलाई मजबुत पार्नुपर्छ । अझ उच्च मापदण्ड र वास्तविक कदममार्फत गम्भीर रूपमा पार्टीको पूर्ण सञ्चालनलाई प्रवर्द्धन गर्नुका साथै पार्टी केन्द्रीय समितिको महत्त्वपूर्ण निर्णय र निर्देशनलाई अझ दृढताका साथ व्यवहारमा उतार्नुपर्छ । यसका अतिरिक्त अझ वैज्ञानिक र प्रभावकारी तरिकामार्फत अधिकारलाई व्यवस्थित पारी अटलताका साथ भ्रष्टाचारविरूद्धको सङ्घर्षलाई अघि बढाएर पन्धौं पञ्चवर्षीय योजनालाई साकार तुल्याउनका लागि सुदृढ प्रत्याभूति दिनुपर्छ ।"

सीपीसी केन्द्रीय राजनीतिक ब्युरो स्थायी सदस्य ली छ्याङ, चाउ ल ची, वाङ हु निङ, छाइ छी र तिङ स्युए स्याङ उक्त बैठकमा सहभागी हुनुभएको छ । सीपीसी केन्द्रीय राजनीतिक ब्युरो स्थायी सदस्य एवम् केन्द्रीय अनुशासन निगरानी समितिका सचिव ली सीले सो बैठकको अध्यक्षता गर्नुभएको छ ।

**आफ्नो स्वार्थका लागि अरूसँग निहुँ नखोज्न चीनद्वारा अमेरिकालाई आग्रह**

यसैबिच जनवरी १२ का दिन चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता माउ निङले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्दै ग्रीनल्यान्ड टापुसम्बन्धी अमेरिकी राष्ट्रपति ट्रम्पको भनाइबारे चीनको अडानबारे प्रकाश पार्नुभएको छ ।

माउ निङका अनुसार, उत्तरी ध्रुव अन्तर्राष्ट्रिय समाजको समष्टिगत हितसँग सम्बन्धित रहेकोले चीनले उत्तरी ध्रुवमा गर्ने गतिविधिको उद्देश्य त्यसको शान्ति, स्थिरता र दिगो विकासलाई प्रवर्द्धन गर्नु रहेको छ । त्यो अन्तर्राष्ट्रिय कानुनसँग पनि मेल खान्छ । विभिन्न देशले कानुनबमोजिम उत्तरी ध्रुवमा गतिविधि गर्ने अधिकार र स्वतन्त्रताको विस्तृत रूपमा सम्मान गर्नुपर्छ । अमेरिकाले आफ्नो स्वार्थका लागि अरू देशसँग निहुँ खोज्नु हुँदैन ।

प्रवक्ता माउ निङका अनुसार, चीनले सधैँ नै अरू देशको आन्तरिक मामिलामाथि हस्तक्षेपको विरोध गर्नुका साथै विभिन्न देशको सार्वभौमिकता र सुरक्षाको व्यापक रूपमा संरक्षण गरिनुपर्ने अडान लिँदै आएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा सशस्त्र शक्तिको प्रयोग गर्ने अथवा शक्ति प्रयोगको धम्की दिने कुराको पनि चीनले विरोध गर्दै आएको छ । भविष्यमा विभिन्न पक्षहरूले सम्बद्ध क्षेत्रीय शान्ति र स्थिरताका लागि हितकर हुने गतिविधि चलाउँदै जाने आशा चीनले गरेको पनि प्रवक्ता माउ निङले बताउनुभएको छ ।

## भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभा सम्पन्न




भक्तपुर, २८ पुस । भक्तपुर नगर पालिकाको उन्नाइसौँ नगरसभा सोमबार सम्पन्न भयो ।

नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष प्रजापतिले उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, र ाजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि र कर्मचारीलगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले जनप्रतिनिधिहरूलाई जनताको भावनाअनुसार काम गर्न प्रेरित गर्दै स्थानीय तहको सेवा प्रवाह प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो पदअनुसार काम गर्न जरुरी छ भन्नुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिको

*बाँकी पृष्ठ २ मा*

## भेनेजुयलामाथि अमेरिकी आक्रमणविरुद्ध कैलालीमा जनप्रदर्शन

कैलाली, २८ पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ कैलाली र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ कैलालीको संयुक्त आयोजनामा भेनेजुयलामाथि संरा अमेरिकी सैन्य आक्रमणको विरोधमा लम्किचुहा नगरपालिका वडा नं. २ मोतिपुर र वडा नं.१ लम्कीमा सोमबार जनप्रदर्शन भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले संरा अमेरिकी ट्रम्प प्रशासनले भेनेजुयलामा आक्रमण गर्नु र ल्याटिन अमेरिकी देशमा धम्की दिनु संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको चर्चा गर्दै अन्तर्राष्ट्रिय विवाद समाधान ट्रम्प प्रशासनले गर्ने नभई राष्ट्र सङ्घअन्तर्गतको निकाय अन्तर्राष्ट्रिय अदालतले गर्ने बताउनुभयो ।

राष्ट्र सङ्घको सुरक्षा परिषद्मा फ्रान्स, रूस र चीनले ट्रम्प प्रशासनको भेनेजुयलामाथि हमलाको निन्दा गरेको चर्चा गर्दै उहाँले राष्ट्रपति मादुरो दम्पतीको तत्काल फिर्ता गर्नुपर्ने




बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले भेनेजुयला एक प्राकृतिक स्रोत साधनमा सम्पन्न देश भएकोले त्यहाँको तेल र सुन खानीलाई कब्जा गर्ने नियतले भेनेजुयाली राष्ट्रपति माडुरो दम्पतीलाई अपहरण गरेको बताउनुभयो ।

लोकप्रिय राष्ट्रपति माडुरोलाई लागूऔषध कारोबारोको झूटा मुद्दा लगाएको उहाँले बताउनुभयो ।

अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपालको राजनीतिलाई अस्थिर बनाइरहेकोमा युवा-विद्यार्थी सचेत हुनुपर्छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा नेमकिपा कैलाली सचिव गगनबहादुर थापा, नेक्रायुसङ्घ कैलाली अध्यक्ष प्रेम सिजापति, नेक्राविसङ्घ कैलाली सचिव हुनान रावलले पनि बोल्नुभएको थियो ।

हार्दिक बधाई


राजेन्द्रप्रसाद प्रजापती
वरिष्ठ उपाध्यक्ष


कृतन अवाल वस्तुगत
सदस्य


विजोन त्वानावासु
सदस्य

भक्तपुर उद्योग वाणिज्य संघको ३८ औं वार्षिक साधारणसभाबाट यस होटल घ्याम्पे डाँडा प्रा.लि.का सल्लाहकार एवम् शेयर होल्डर **राजेन्द्रप्रसाद प्रजापती वरिष्ठ उपाध्यक्ष** तथा यस होटलका सल्लाहकार एवम् शेयर होल्डर कृष्णप्रसाद अवालका छोरा **कृतन अवाल वस्तुगत सदस्य** र सल्लाहकार एवम् शेयर होल्डर श्री लक्ष्मीप्रसाद त्वानावासु र शेयर होल्डर श्रीमती रामेश्वरी सुवालका छोरा **विजोन त्वानावासु एशोसियत सदस्य** पदमा र साथै अध्यक्ष पदमा निर्वाचित हुनुभएका श्री **कृष्णमुरारी न्यौपाने**लगायत सम्पूर्ण निर्वाचित पदाधिकारीज्यूहरूलाई हार्दिक बधाई तथा शुभकामना दिनुका साथै उहाँहरूको कार्यकालको सफलताको कामना व्यक्त गर्दछौं ।

**अध्यक्ष रत्नप्रसाद प्रजापति**
एवं
HOTEL Ghyampe Dada
**होटल घ्याम्पे डाँडा प्रा.लि. परिवार**
सू.न.पा.-७, भक्तपुर

# भनपा ३ मा स्वास्थ्य शिविर




भक्तपुर, २८ पुस । भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा महिलाहरूको पाठेघरको मुखको क्यान्सर तथा स्तन परीक्षण शिविर भनपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा वंशगोपालमा आइतबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा उपप्रमुख जोशीले नगरवासीहरूलाई समय-समयमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गरी रोग पहिचान गरी समयमै उपचार भए मानवीय क्षति हुनबाट बचाउने र धनजनको नोक्सानीबाट बच्ने बताउँदै स्वस्थ रहनको लागि खानपिनमा ध्यान दिनुपर्ने र व्यायाम निरन्तर रूपमा गर्नुपर्ने बताउनुभयो ।

उहाँले नगरपालिकाले नमकिपाको घोषणापत्रअनुसार जनताको साथ र सहयोगमा काम भइरहेको प्रस्ट्याउनुभयो ।

भनपा ३ का वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवाल, डा. एन्जा सुजखुले पनि पाठेघर क्यान्सर, स्तन क्यान्सरको आ-आफ्नो धारणा राख्नुभयो ।

उक्त स्वास्थ्य शिविरबाट ११८ जना वडावासीहरू लाभान्वित भएको थियो भने आवश्यकताअनुसार निःशुल्क औषधि प्रदान गरिएको थियो ।

# शुभेच्छा बचतमा मिठाइ बनाउने तालिम सम्पन्न




भक्तपुर, २८ पुस । शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लिको महिला उपसमितिको आयोजनामा भएको दुईदिने मिठाइ बनाउने तालिम सोमबार सम्पन्न भयो ।

पुस २७ र २८ गते भएको उक्त तालिममा संस्थाका सचिव प्रेमकुमार हालेयोजोशीले सहकारी संस्थाले विभिन्न सीप विकासका तालिम सञ्चालन गरी व्यवसायिकरूपमा सक्षम बनाउने काम गर्दै आएको स्पष्ट पार्नुभयो ।

कार्यक्रमका सभापति एवम् संस्थाका अध्यक्ष विश्वराम लवजुले समुदायमा आधारित सहकारी संस्थाले विभिन्न स्वास्थ्य शिविर, रक्तदान, पापड, अचार र झोल साबुन बनाउने आदि तालिम सञ्चालन गर्दै आएको बताउनुभयो ।

तालिममा सिकेको सीपलाई व्यवहारमा लागू गर्न पनि उहाँले जोड दिनुभयो ।

महिला उपसमितिका संयोजक मनशोभा सुवालले तालिममा सहभागी सदस्य, प्रशिक्षक रामबहादुर बस्नेत, आवश्यक सामग्री उपलब्ध गराइदिने लवजु मिठाइ भण्डार तथा अन्य सहयोगी महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

# कामदार जनताको मुक्ति समाजवादमा मात्र हुने

कैलाली, २८ पुस । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद्को सन्देशबारे कार्यक्रम छलफल लम्कीमा भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुस १८ र १९ गते सम्पन्न केन्द्रीय परिषद्ले कामदार जनताका प्रतिनिधिले मात्र समाजवादी व्यवस्थाका लागि सङ्घर्ष गर्न सक्छन् भन्ने शिक्षा मिलेको बताउनुभयो । कामदार जनताको मुक्ति समाजवादमा मात्र हुने उल्लेख गर्दै उहाँले नेपालको कम्युनिस्ट आन्दोलनमा पार्टीले प्रकाशस्तम्भको रूपमा काम गरिरहेको स्पष्ट पार्नुभयो ।

नेपालमा नामधारी कम्युनिस्टले कम्युनिस्टको बदनाम गरेकोले अब यही फागुन २१ मा हुने निर्वाचनमा जनताको घरदैलोमा पुगी निर्वाचनबारे जनतालाई सचेत पार्नुपर्ने विचार व्यक्त गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरका रूपमा लिने प्रस्ट पार्नुभयो ।



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले परिषद्मा भएका विभिन्न निर्णयकाबारे बोल्दै पार्टीको ५२ औँ स्थापना दिवस २०८२ माघ १० गतेको अवसरमा माघ महिनाभरि क्रान्तिकारी नेताहरूको जीवनी अध्ययन गर्ने, संसारका मजदुर र कम्युनिस्ट आन्दोलनबारे अध्ययन अन्तरक्रिया गरी मनाइने बताउनुभयो ।

पार्टी कार्यकर्ताले पार्टी प्रकाशन ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिकलगायतका अन्य प्रकाशन निरन्तररूपमा अध्ययन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले पार्टी परिषद्ले नेपाली जनताद्वारा भेनेजुयलामाथि अमेरिकी आक्रमणको कडा रूपमा निन्दा एवं भत्सर्ना गरेको स्पष्ट पार्नुभयो ।

अब आउने निर्वाचनमा साम्राज्यवादी र भारतीय एकाधिकार पुँजीका पक्षपातीहरूलाई हराउनु देशभक्त नेपालीहरू ठाउँमा आउनुपर्ने बताउनुभयो ।

*भक्तपुर...*

अध्यक्षतामा बसेको नगरपालिकाको उन्नाइसौँ नगरसभाको सोमबार बसेको बैठकले कर प्रशासनसम्बन्धी संशोधन प्रस्ताव, कर्मचारी म्याद थप प्रस्ताव र विभिन्न योजनाको र कमान्तरण तथा बजेट स्रोत सुनिश्चितताको लागि बजेट संशोधन प्रस्ताव र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

सभामा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति, खेलकुद समिति, आर्थिक तथा लेखा समिति, महिला बालबालिका तथा समाज कल्याण समिति, निर्माण समिति, बजार अनुगमन समिति, योजना अनुगमन समिति, वातावरण तथा पर्यटन समिति, शिक्षा समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धित समितिका संयोजक तथा सदस्यहरूले प्रस्तुत गरेका थिए ।

सभामा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाको १९ औँ नगर सभाको प्रतिवेदन सङ्क्षिप्तमा प्रस्तुत गर्नुभयो ।

भक्तपुर नपाको उन्नाइसौँ नगर सभाले राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहाको लागि प्रस्ताव पारित गरेको थियो ।

२०८२ पुस २४ गतेबाट सुरु भई पुस २८ गते सम्पन्न भक्तपुर नपाको उन्नाइसौँ नगरसभा तीन दिन चलेको थियो ।

# काठमाडौँ विश्वविद्यालयमा सोमबारदेखि ‘एआई-सम्मेलन’

काभ्रेपलाञ्चोक, २८ पुस । धुलिखेलस्थित काठमाडौँ विश्वविद्यालय (केयू)मा सोमबारदेखि ‘एआई कन्क्लेभ-२०२६’ (कृत्रिम बुद्धिमत्ता सम्मेलन)को आयोजना गरिएको छ । केयूको डिपार्टमेन्ट अफ आर्टिफिसियल इन्टेलिजेन्स अन्तर्गतको आर्टिफिसियल इन्टेलिजेन्स क्लब (केयुएआइसी)को आयोजनामा हुन लागेको सो सम्मेलन क्लबमार्फत सञ्चालन गरिएको ‘एआई कन्भर्जेन्स-२०२६’ अन्तर्गत दोस्रो चरणको यस कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

आयोजकका अनुसार पछिल्लो दुई वर्षमा गरिएको ‘एआई-मिट’ कार्यक्रमलाई परिस्कृत गर्दै ‘एआई कन्क्लेभ’ आयोजना गरिएको हो । एआई क्षेत्रमा सिकाइदेखि नवप्रवर्तनलाई एउटै प्लेटफर्ममा समेट्ने कार्यक्रमको उद्देश्य रहेको क्लबका अध्यक्ष अशिम श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार सम्मेलनको एआईलाई ‘रिसर्च’ वा ‘जेनरेटिभ टुल’मा सीमित नराखी शिक्षा, स्वास्थ्य, वित्त, शासन, उद्योग र समाजमा यसको व्यावहारिक प्रयोगबारे जनचेतना फैलाउनेसमेत लक्ष्य रहेको छ ।

‘ब्रिजिङ इन्टेलिजेन्स एन्ड इनोभेसन’ नारासहित आयोजना गरिएको सम्मेलनमा विद्यार्थी, अनुसन्धानकर्ता, उद्योग, स्टार्टअप, नीति-निर्माता तथा सर्वसाधारणलाई एउटै प्लेटफर्ममा जोड्ने उद्देश्य जनाइएको छ । तीन चरणमा ‘एआई कन्भर्जेन्स २०२६’ सञ्चालन गरिने छ । पहिलो चरण ‘एआई क्यानभास’ अन्तर्गत एआई फाउन्डेसन, बुटक्याम्प, वेबिनारलगायतका आधारभूत सिकाइ कार्यक्रम समावेश गरिएका छन् । दोस्रो चरणमा ‘एआई कन्क्लेभ’ जनवरी १२, १३ र १४ मा केयू केन्द्रीय कार्यालयमा सञ्चालन हुनेछ ।

सम्मेलनअन्तर्गत सोमबार ‘नेसनल लेभल एआई समिट’, मङ्गलबार प्रोजेक्ट प्रदर्शनी, रोबोटिक्स प्रतियोगिता, ई-गेम्स, टेक-टक्स तथा एक्सपो सञ्चालन हुनेछभने बुधबार ‘एआई फर सोसाइटी’ शीर्षकमा प्यानल डिस्कसन, ई-गेम्सको फिनाले, एआईसम्बन्धी जनचेतनामूलक कार्यक्रम, एआई नीतिमा छलफल लगायतका कार्यक्रम हुने आयोजकले जनाएका छन् । तीनदिने ‘एआई कन्क्लेभ’ मा करिब पाँच हजार अवलोकनकर्ताको सहभागिता रहने आयोजकको अनुमान छ ।

# द्योमाँ वृद्धाश्रमको १७ औँ साधारणसभा

मध्यपुर, २८ पुस । बोडेस्थित द्योमाँ जगत वृद्धाश्रमको १७ औँ साधारणसभा शनिबार वृद्धाश्रमकै प्राङ्गणमा सम्पन्न भयो ।

आश्रमका अध्यक्ष प्रेमचन्द्र अदुवा श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा अध्यक्ष रमेश थापा श्रेष्ठले वडाका गतिविधिबारे जानकारी दिँदै टोल टोलमा प्रेसर र सुगर नाप्नेजस्ता स्वास्थ्य सेवा दिँदै आइरहेको बताउनुभयो ।

सेवामुखी भावनाले काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हाम्रा हरेक गतिविधि व्यक्तिभन्दा समाजकेन्द्रित हुनु जरूरी छ भन्नुभयो ।

कार्यक्रममा सजीव श्रेष्ठले बोडे कर्मचारी कल्याण कोषको प्रतिवेदन प्रस्तुत गर्नुभयो भने महालक्ष्मी सहकारी संस्थाका प्रतिनिधि रामचन्द्र जयना, श्यामकृष्ण श्रेष्ठ र सानुमाया गःसीले पनि बोल्नुभएको थियो ।


## शिक्षक आवश्यकता

यस श्री शारदा आधारभूत विद्यालयमा प्राथमिक तृतीय श्रेणीको रिक्त दरबन्दीमा शिक्षक आवश्यक भएको हुँदा तपसिलबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दिनुहुन सूचित गरिन्छ ।

| क्र.सं. | तह | सङ्ख्या | किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | प्रा.वि./तृतीय | १ | करार | शिक्षा नियमावलीअनुसार |

**निवेदन दस्तुर** : रु.१०००।-
**दर्खास्त अन्तिम मिति** : २०८२/१०/१४ गते, बुधबार
**करार सूचीको लागि**
**अन्तिम दर्खास्त मिति** : २०८२/१०/०५ गते, सोमबार
**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता
**सम्पर्क मिति** : २०८२/१०/१५ गते, बिहीबार

**आवश्यक कागजातहरू**

१. हस्तलिखित निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. शिक्षक अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।
५. कम्प्युटर शिक्षा जान्नेलाई विशेष ग्राह्यता ।

**श्री शारदा आधारभूत विद्यालय**

बाराहीस्थान-४, भक्तपुर, फोन नं. ०१-५९२६२२९, ९८४९१२८५४५

## सङ्क्षिप्त समाचार

# सोमबार तराईका अधिकांश स्थानमा हुस्सु/कुहिरो

काठमाडौँ, २८ पुस । नेपालमा उपल्लो वायुमण्डलमा रहेको न्युनचापीय प्रणालीको प्रभाव रहेको छ । हाल देशभरको मौसम मुख्यतया सफा रहेको मौसम पूर्वानुमान महँशाखाले जनाएको छ ।

सोमबार दिउँसो तराई भू-भागका अधिकांश स्थानहरूमा हुस्सु/कुहिरो रहनेछ । महँशाखाका अनुसार देशका पहाडी तथा हिमाली भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । सोमबार राति तराई भू-भागका केही स्थानहरूमा हुस्सु रहनेछ । देशका पहाडी तथा हिमाली भू-भागमा मौसम मुख्यतया सफा रहने महँशाखाले जनाएको छ ।

# ढिक्री बनाउन व्यस्त थारू समुदाय

तुलसीपुर (दाङ), २८ पुस । दाङको तुलसीपुर उपमहँनगरपालिका-१२ कचेलीकी जानकी चौधरीलाई अहिले ढिक्री बनाउने चटारो छ । माघी नजिकिएसँगै उहाँ अहिले ढिक्री बनाउनमा नै व्यस्त हुनुहुन्छ । त्यस्तै तुलसीपुर १० बनकाउकी विभौनी थारूलाई पनि अहिले ढिक्री बनाउन भ्याइनभ्याइ छ । उहाँहरू मात्रै होइन, माघी नजिकिएसँगै अहिले थारू समुदायमा ढिक्री बनाउने चटारो छ ।

थारू समुदायले हरेक चाडपर्वमा मुख्य परिकारका रूपमा ढिक्री पकाउने गर्छन् । सुङ्गुरको मासु, माछा, घोँगीलगायतसँग ढिक्री खाने चलन छ । यी परिकार थारू समुदायका प्रख्यात परिकार हुन् ।

**कसरी बनाइन्छ ढिक्री ?**

चामलको पीठोबाट ढिक्री बन्छ । चामलाई मुछेर त्यसलाई लाम्चो आकार दिइन्छ । खासगरी माघीमा लाम्चो आकार दिए पनि दसैँमा भने गोलो आकारको बनाइन्छ । त्यस्तै तिहारमा चेप्टो, दियो जस्तो बनाइन्छ । त्यसलाई पानीको बाफमा आधा घण्टा जति उसिनेपछि ढिक्री तयार हुन्छ । खासगरी उसिनेर ढिक्री बनाइने भएकाले त्यसले स्वास्थ्यमा असर गर्दैन । किनकि त्यसमा चिल्लो पनि हुँदैन भने चिनी पनि राखिँदैन । यसरी ढिक्री खाएमा मान्छेको आयु बढ्ने पौराणिक मान्यता रहेको छ ।



**सर्लाहीमा निर्वाचन प्रहरीमा आवेदन दिनेको भिड**

सर्लाहीको मलङ्गवा नगरपालिका-२, जिल्ला प्रहरी कार्यालयमा निर्वाचन प्रहरीमा भर्नाका लागि आवेदन दिनेको भिड । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सर्लाहीमा ३ हजार ९२६ निर्वाचन प्रहरी भर्ना गरिने छ । सर्लाहीका चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट माघ १ गतेसम्म दर्खास्त आह्वान गरिएको छ । *तस्बिर: विश्वनाथ ठाकुर/रासस*

# तीव्रगतिमा निर्माण हुँदै जनमुक्ति मार्ग, समृद्धितर्फ उन्मुख डाँडापारि

धुलिखेल, २८ पुस । काभ्रेपलाञ्चोकमा निर्माण भइरहेको जनमुक्ति मार्गलाई तीव्र गतिमा अगाडि बढाएको छ । जिल्लाको विकट डाँडापारि क्षेत्रमा रहेको महाभारत र खानीखोला गाउँपालिकाका नागरिकको जीवनस्तर उकास्ने उद्देश्यले यो मार्ग निर्माण भइरहेको छ ।

बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिकाको पिन्थलीबाट रजबास हुँदै डाँडापारिस्थित महाभारत गाउँपालिकाको चारकिल्ला-तीनखुट्टे-देवीटार-घर्तिछाप-गोकुले-छोटेसाहन र खानीखोलाको तालढुङ्गा भएर मकवानपुर जिल्लाको भोर्लेनी-झुरझुरे हुँदै मदनभण्डारी लोकमार्ग जोड्ने सडक खण्ड पर्छ ।

अहिले सो सडक खण्डअन्तर्गत रजबास-तीनखुट्टे खण्डअन्तर्गत महाभारत गाउँपालिकाको कोलटार आसपासमा पर्खाल, नाली निर्माण र सडक ढलानका लागि फलामे छड बिछ्याएर ढलान गर्ने क्रममा रहेको छभने तीनखुट्टे-देवीटार खण्डको खोलाघारी र घ्याब्रिङ, देवीटार-घर्तिछाप लभडाँडा खण्डअन्तर्गत घर्तिछाप गाउँमा कालोपत्र गर्ने र त्यसका लागि बेस हाल्ने काम भइरहेको छ ।

त्यस्तै लभडाँडा-छोटेसाहन खण्डअन्तर्गत गोकुले, धाप र अन्य खण्डमा सडक नाली र पर्खाल निर्माण एवं कालोपत्रका लागि बेस हाल्ने काम भइरहेको गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले बताउनुभयो । सुरुमा जिल्ला सदरमुकामलाई पालिका केन्द्रसँग जोड्ने सडकमार्गका रूपमा अगाडि बढाएको यो योजनालाई डाँडापारि क्षेत्रका महाभारत र खानीखोलाका नागरिकलाई जिल्ला सदरमुकाम आवतजावत गर्ने उद्देश्यले अगाडि बढाइएको थियो ।

पछि बागमती प्रदेश राजधानी हेटौँडा आवतजावत गर्नका लागि कठिन हुने गरेको अवस्थालाई मध्यनजर गरेर त्यहाँका नागरिकको जीवनयापन र जिल्ला तथा प्रदेश राजधानीसँग सडक सञ्जालले जोड्नका लागि सो सडकलाई थप अगाडि बढाइएको छ । अहिले सो सडकलाई प्रदेश सरकारले प्रादेशिक मार्गका रूपमा लिएर कामलाई तीव्रता दिएको छ ।

पहिलोपटक ठेक्का आह्वान गरी काम थालिएको तीनखुट्टे-खोलाघारी-देवीटार ८ दशमलव ७ किलोमिटर सडक निर्माणका लागि जिम्मा पाएको श्रेष्ठ/सक्षम जेभी सामाखुसीले २०७७ असारमा ठेक्का सम्झौता गरी २०७९ असारमा सम्पन्न गर्नेगरी काम थालिएको भए पनि निर्माण व्यवसायीले कामलाई निरन्तरता नदिँदा अलपत्र जस्तै अवस्थामा रहेको थियो । तर, अहिले पालिका र प्रदेश सरकारले निरन्तर दबाब दिएपछि पटकपटकको म्याद थप पश्चात् पछिल्लो समयमा कामलाई निरन्तर अगाडि बढाइरहेको छ ।

श्रेष्ठ/साक्षम जेभीका परियोजना प्रबन्धक रोहन खत्रीले अघिल्ला वर्षहरूमा भन्दा यो वर्ष काम तीव्र गतिमा अगाडि बढिरहेको र आगामी वैशाखसम्ममा काम सम्पन्न गर्ने बताउनुभयो । अहिले कालोपत्र गर्ने कामदार ३० र ड्रेन वाल लगाउने जनशक्ति ३५ जना निरन्तर खटाएर काम भइरहेको र समयमा नै सबै काम सम्पन्न गर्नेगरी खटिरहेको उहाँले बताउनुभयो ।

पूर्वाधार विकास कार्यालय धुलिखेलका सुपरभाइजर निर्मल दर्जीले अघिल्लो वर्षहरूको तुलनामा अहिले काम तीव्र गतिमा अगाडि बढिरहेको बताउनुभयो । समयमा नै काम सम्पन्न गर्नेगरी काम भइरहेको र गुणस्तरलाई ध्यान दिँदै काममा जोड दिएको उहाँको भनाइ छ ।

त्यस्तै रजबास-चारकिल्ल-तीनखुट्टे खण्डअन्तर्गत कोलटार आसपासमा भइरहेको कामले गति लिइरहेको छ । निर्माण कम्पनीका सम्पर्क प्रबन्धक सुजन गिरीले करिब ९५ प्रतिशत स्ट्रक्चरको काम सम्पन्न भइसकेको बताउनुभयो । १५ दशमलव ५ किलोमिटर सडकखण्डको काममा ११ किलोमिटर कालोपत्र र साढे चार किलोमिटर ढलानको काम भइरहेको छ । आगामी असारसम्ममा सम्पन्न गर्नुपर्ने कामका लागि करिब एक सय जना जनशक्ति खटाएर काम भइरहेको उहाँको भनाइ छ ।

महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले काभ्रेपलाञ्चोकको पिन्थलीबाट रजबास हुँदै चारकिल्ला, तीनखुट्टे, खोलाघारी देवीटार, घर्तिछाप, गोकुले भएर खानीखोलाको तालढुङ्गा र मकवानपुर जिल्लाको भोर्लेनी झुरझुरे भएर मदन भण्डारी लोकमार्ग जोड्ने करिब ८० किलोमिटर सडकको काम तीव्र गतिमा भइरहेको बताउनुभयो । विभिन्न चरणमा ठेक्का भई नौ खण्डमा निर्माण कम्पनीहरूले ठेक्का सम्झौता गरेर निर्माण कार्य भइरहेको कामको करिब १८ किलोमिटरबाहेक अहिले अन्य खण्डमा भने काम निरन्तर भइरहेको उहाँले बताउनुभयो ।

बाँकी खण्डहरू निरन्तर काम भइरहेको भए पनि काममा ढिलाइ भइरहेको तीनखुट्टे देवीटार खण्डको कामलाई निरन्तरका लागि दबाबबिच अहिले पछिल्लो समयमा छिटो गतिमा काम भइरहेको जनाएको छ । उहाँका अनुसार आगामी असारभित्रमा महाभारत गाउँपालिकाभित्रका ४४ किलोमिटर सडक निर्माण भइसक्ने विश्वास लिएको छ । त्यसका लागि पालिका र जिल्ला प्रशासन कार्यालयबाट समेत कामको अनुगमन भइरहेको तथा स्थानीय बासिन्दालाई पनि कामको गुणस्तर र निरन्तरता दिन सम्बन्धित पक्षलाई सहयोग गर्ने र घचघच्याउने काममा लाग्न आग्रह गरेको उहाँले बताउनुभयो ।

सो क्षेत्रका नागरिकको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने आयोजनामध्ये सडक सञ्जाल र केन्द्रीय विद्युतीकरणलाई प्रमुख मानिएको छ । जुन कार्य सम्पन्न भएपछि यहाँका नागरिकको जीवनस्तरमा परिवर्तन आउने अपेक्षा गरिएको छ । जसमध्ये केन्द्रीय विद्युतीकरण भने सम्पन्न भइसकेको छ ।

# सडक सञ्जालमा जोडिँदै गुर्जा

म्याग्दी, २८ पुस । 'टुप्पीभन्दा माथि ठाउँ छैन, गुर्जाभन्दा माथि गाउँ छैन,' म्याग्दीमा प्रचलित यो भनाइले धवलागिरि गाउँपालिका-१ मा रहेको गुर्जाको विकटतालाई झल्काउँछ ।

हालसम्म विकट र दुर्गम बस्तीका रूपमा चिनिएको गुर्जालाई चालु आर्थिक वर्षभित्र नै सडक सञ्जालमा जोड्ने लक्ष्यसहित धवलागिरि गाउँपालिकाले योजना निर्माण सुरु गरेको छ । लुलाङ-गुर्जा सडक योजनामार्फत चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्चालसँग जोड्न लागिएको गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो ।

"आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकता प्राप्त योजना हो," उहाँले भन्नुभयो, "यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो ।"

चालु आर्थिक वर्षमा रु. एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्स्ट्रक्सनले भैसीमाने खाल्टादेखि झिरसो भन्ने ठाउँसम्म करिब एक किलोमिटर मार्ग खोलिसकेको छ । यसै महिनामा रु. ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता भएको थियो ।

थप चार किलोमिटर सडकको मार्ग खुलेमा गुर्जा यातायात सञ्जालमा जोडिने धवलागिरि गाउँपालिका-१ का वडाअध्यक्ष झकबहादुर छन्त्याललले बताउनुभयो । "दुई वर्षअघि सम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो," उहाँले भन्नुभयो "हाल गाडी पुग्ने झिरसोदेखि ३० मिनेट पैदलयात्रा गरेर गुर्जा पुगिन्छ ।" गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको वडाअध्यक्ष छन्त्याललले बताउनुभयो ।

सडकको मार्ग खोल्नाका साथै विभिन्न ठाउँमा ग्याबियन, मेसिनरी र पलम पर्खाल पनि निर्माण भएको छ । मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फराकिलो पार्न, पक्की नाला बनाउन चालु आर्थिक वर्षमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट रु. तीन करोड र गण्डकी प्रदेश सरकारले रु. ५० लाख विनियोजन गरेको छ ।

गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको छ । दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमा नै अस्पताल पुऱ्याउन सहज भएको छ । अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जा म्याग्दीको छवटा स्थानीय तहका ४५ मध्य सडक यातायातको सुविधा नपुगेको एक मात्र वडा हो ।

एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरधुरी रहेको गुर्जाको जनसङ्ख्या एक हजार ५०५ जना छ । खानी उत्खननका लागि आएका छन्त्याल र दलित समुदायले गुर्जामा बस्ती बसाएको इतिहास छ ।

सडकको पहुँच नहुँदा खच्चड, घोडा र भरियामार्फत खाद्यान्न तथा निर्माण सामग्री ढुवानी गर्दा खर्च महँगो लाग्ने गरेको छ । बिरामीलाई अस्पताल पुऱ्याउन हेलिकप्टर चार्टर गर्नुपर्छ । सडक यातायातको सुविधा भएपछि गुर्जाका बासिन्दालाई सहज हुनाका साथै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो ।

# मुस्ताङमा ४८ घण्टादेखि विद्युत् सेवा अवरुद्ध

मुस्ताङ, २८ पुस । यहाँका पाँच वटै स्थानीय तहमा शनिबार साँझदेखि नियमित विद्युत् सेवा अवरुद्ध भएको छ । मुस्ताङको घरपझोङ-३ स्थित विद्युत् वितरण संस्था निलगिरि उपभोक्ता सहकारी संस्थाले हावाका कारण केन्द्रीय विद्युत् प्रसारण लाइनमा क्षति पुगेपछि सेवा अवरुद्ध भएको जनाएको हो ।

थासाङ गाउँपालिका-४ मिसीस्थित केन्द्रीय विद्युत् प्रसारण लाइनको खम्बामा हावाहुरीले क्षति पुऱ्याएपछि नियमित प्रसारण भइरहेको विद्युत् ४८ घण्टादेखि अवरुद्ध भएको विद्युत् वितरण संस्थाका कार्यालय प्रमुख सनप्रसाद थकालीले जानकारी दिनुभयो । उहाँका अनुसार सुरुमा थासाङ-२ स्थित ३३ केभी सवस्टेसन मर्मतका लागि सेवा अवरुद्ध गरिएकामा आइतबार राति आएको हावाहुरीले विद्युत्का खम्बामा क्षति पुऱ्याएपछि सेवा अवरुद्ध भएको हो ।

कार्यालय प्रमुख थकालीले खम्बामा क्षति भएका स्थानमा विद्युत् प्राधिकरणका प्राविधिक टोली मर्मतका लागि परिचालित भइसकेका जानकारी दिनुभयो । थासाङ-२ कोवाङमा प्राधिकरणको ३३ केभी सवस्टेसन रहे पनि माथिल्लो क्षेत्रमा सवस्टेसन नहुँदा विद्युत् प्रसारणमा समस्या हुँदै आएको छ ।

थासाङ-१ टुकुचेमा १३ मेगावाट क्षमताको थापाखोला हाइड्रोले विद्युत् उत्पादन गरिरहे पनि माथिल्लो क्षेत्रमा सवस्टेसन नहुँदा केन्द्रीय प्रसारण लाइनमा प्राविधिक समस्या आएमा मुस्ताङ अन्धकारमय हुने गरेको प्रमुख थकालीले बताउनुभयो ।

थापाखोला हाइड्रोले उत्पादित विद्युत् प्राधिकरण वितरण गर्दै आएको छ । जिल्लाका माथिल्लो क्षेत्रमा प्राधिकरणको पहुँच स्थापित नहुँदा मुस्ताङमा पटकपटक विद्युतीय समस्या उत्पन्न हुने गरेको स्थानीयले गुनासो गरेका छन् ।

हिउँदयामको अत्यधिक चिसो मौसममा विद्युत् आपूर्ति बन्द हुँदा सरकारी कार्यालयका नियमित कामकाजका साथै स्थानीयलाई टेलिभिजन हेर्न, मोबाइल चार्ज गर्नलगायत दैनिक काममा समस्या परेको एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले उल्लेख गर्नुभयो ।

। सम्पादकीय ।

# नेकाको विशेष महाधिवेशन संस्थापन पक्षको निम्ति हाँक !

संस्थापन पक्षको अनुपस्थितिबिना बोलाइएको नेपाली काङ्ग्रेसको विशेष अधिवेशन नेकाको इतिहासमा साँच्चै 'विशेष' रहनेछ। अधिवेशनको सफलता र असफलताको चर्चा गर्नुभन्दा त्यो अधिवेशन संस्थापन पक्षको निम्ति एक हाँक साबित भयो। अधिवेशनलाई समन्वय गर्न लागिपरेका मध्यमार्गी नेताहरूको प्रयास पनि पुस २८ गतेसम्म सफल भएन। नेका फुटे पनि, नफुटे पनि संस्थापन पक्षबिनाको यो अधिवेशनले नेकाभित्र के सन्देश दिने हो ? यसलाई संस्थापन पक्षले कसरी लिने हो ? नेकाको संस्थापन पक्षको अकर्मण्यताले महाधिवेशनबारे दुई पक्ष धार देखिएको नेकाकै नेताहरूको धारणा छ। केन्द्रीय कार्य सम्पादन समितिको पुस १८ गतेको बैठक्ले बहुमतको आधारमा २०८३ वैशाख २८, २९, ३० र ३१ गते पार्टीको १५ औं महाधिवेशनको मिति तय गरे पनि पुस २७ र २८ गते विशेष अधिवेशन आयोजना भयो। नेकाको कार्यसम्पादन समितिले विशेष अधिवेशनमा सहभागी नहुन आह्वान गरेको थियो। पार्टीको त्यो आह्वान पनि व्यर्थझैं भयो। संस्थापन पक्षको त्यो आग्रह अस्वीकार गर्दै अधिवेशन प्रतिनिधिहरू सहभागी भए र अधिवेशन भयो

कार्य सम्पादन समितिको बैठक निर्णयअनुसार निर्धारित समयमा 'नियमित अधिवेशन' हुन्छ कि हुँदैन ? अल्पमत प्रतिनिधिले भाग लिएको अधिवेशन वैध हुन्छ कि हुँदैन ? अल्पमत प्रतिनिधिहरूको सहभागी भएको अधिवेशन 'अवैध' हुन्छ भने त्यसलाई निर्वाचन आयोगले आत्मसात गर्छ कि गर्दैन ? प्रश्न उठेको छ। विशेष महाधिवेशनको उद्घाटन समारोह र बन्द सत्रमा पनि संस्थापन पक्षका विशेष नेताहरू सहभागी भएनन्। यसले विशेष अधिवेशनलाई संस्थापन पक्षले अस्वीकार गरेको स्पष्ट हुन्छ। 'विशेष महाअधिवेशन' र 'नियमित अधिवेशन' को निर्णयले पार्टी नफुटेको दाबी गरे पनि दुई फ्याक भएको छर्लङ्ग हुन्छ। विशेष अधिवेशनका नेताहरूले उद्घाटन सभामा नेतृत्व र नीति फेर्ने कुरा बताएका थिए। फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनमा विशेष अधिवेशन गर्ने पक्षले संसद्को टिकट बाँड्ने हो कि भन्ने प्रश्न पनि नेकाका नेताहरूबिच उठिरहेको छ। विशेष अधिवेशनको सिफारिसमा संसद्को टिकट बाँडेको भए के संस्थापक्ष मौन रहन्छ ? त्यस्तो अवस्थामा नेकाको संस्थापन पक्षको हालत के हुन्छ ?

नेका पदको निम्ति राजनीति गर्ने दल हो। पदकै कारण देशमा पटक-पटक सरकारको नेतृत्व हेरफेर भएको हो; ५/५ पटकसम्म प्रधानमन्त्री भएका शेरबहादुर देउवा छैटौं पटक प्रम हुन पनि तम्सिएका थिए। विशेष महाधिवेशन पार्टीभित्र सत्ताको सङ्घर्ष नभई विचारको सङ्घर्षको रूपमा अर्थ्याउने काम भयो। विशेष अधिवेशन पक्षधर नेताहरूले देशमा आफ्नो सरकार भए तापनि भ्रष्टाचार, कुशासन र बेथितिले नागरिक आक्रान्त भएको स्वीकारे। उनीहरूले काङ्ग्रेस दास र लासहरूको पार्टी होइन भने। कसको पक्षलाई विधानअनुसार चलेको मान्ने भन्नेमा नेकाका नेताहरू नै विभाजित छन्। के अब शेरबहादुर देउवा पार्टीबाट बहिर्गमन हुन्छ ? के विशेष अधिवेशनले संस्थापन पक्षलाई एकताबद्ध गरी अघि बढाउँछ ? यसबारे पनि नेकाका नेताहरू अन्योलमा रहेको गाइँगुइँ सुनिन्छ। यसले पार्टीमा एकता होइन ए कता हुने त होइन ? लोकतन्त्रको नाउँमा लामो समयदेखि प्रजातान्त्रिक अभ्यासबाट अघि बढेको भनिएको देशकै जेठो पार्टी नेका लोकतन्त्रकै नाउँमा विभाजनको स्थितिमा पुगेको छ। लोकतान्त्रिक भनिने दलमा लोकतान्त्रिक अभ्यासको नाउँमा अलोकतान्त्रिक अभ्यास भएको विश्लेषण पनि हुन थालेको छ। यो अभ्यासले नेका बलियो हुन्छ कि कमजोर त्यो भविष्यले बताउनेछ।

पार्टी यथास्थितिमा चल्दैन भनिएको छ। यथास्थितिमा नचल्ने पार्टीले पार्टीमा के रूपान्तरण गर्ने हो ? के नेतृत्वको परिवर्तन हुनु नै रूपान्तरण हो ? नेका पुँजीपतिवर्गको पार्टी हो। दलको नेतृत्व युवा या पुराना पुस्ताले गरे पनि नेकाको वर्गीय चरित्र एउटै हुन्छ। नेकाले श्रमजीवी वर्गको पक्ष लिँदैन; लिएको छैन। किसान, मजदुरलाई दुःख दिने दल नेका नै हो। वर्षौं जोत्दै आएको जग्गामा मोही हकबाट बञ्चित गर्ने काम नेकाले नै गरेको हो। यो किसानविरोधी कदम हो। कमैयाहरूलाई बिचल्ली बनाउने दल पनि नेका नै हो। नेपाल र नेपालीको अहितमा भारत र अमेरिकासित सन्धि सम्झौता गर्ने दल नेका नै हो। भएको सरकारी उद्योग तथा कारखानामा डुबाउने, डुबाएर निजीकरण गर्ने या विदेशी पुँजीपतिहरूलाई सुम्पिने काममा नेका नै अगाडि थियो। एमसीसीमा सम्झौता गर्ने काममा पनि नेका नै लागेको थियो। नेकाकै कारण देशका स्रोत र साधन विशेषतः भारतको हातमा परेको थियो। यस अर्थमा विशेष अधिवेशनले नेतृत्व चयन गरे पनि श्रमजीवी जनताको सवालमा केही फरक पर्नेछैन।

# सोमालिल्यान्डको मान्यतामा देखिने इजरायलको व्याकुलता

✍ इटे म्याक

इजरायलका विदेशमन्त्री गिदोन साआरले २६ डिसेम्बरमा सामाजिक सञ्जाल 'एक्स'मा लेख्दै अफ्रिकाको सोमालिल्यान्डलाई औपचारिक रूपमा स्वतन्त्र देशको मान्यता दिएको जानकारी दिए। त्यही पोस्टमा साआरले छिट्टै एकअर्काको भूमिमा दूतावास खोलिने पनि बताएका थिए। सोमालियाबाट सन् १९९१ मा एकतर्फी रूपमा अलग्गिएको घोषणा गरेको सोमालिल्यान्डलाई हालसम्म कुनै पनि देशले मान्यता दिएका थिएनन्।

त्यसअघि १८ डिसेम्बरमा विदेशमन्त्री साआरले नै जेरूसेलममा फिजीको दूतावास खोलिने र फिजीमा इजरायली दूतावास खोलिने जानकारी दिएका थिए। अचानक देखिएको इजरायलको यो कूटनीतिक सक्रियताले के सङ्केत गर्छ ? केही विज्ञले फिजी र कुनै देशले स्वतन्त्र देश नमानेको सोमालिल्यान्डसँग इजरायलले पारस्परिक दूतावास स्थापना गर्ने सहमति गर्नु कूटनीतिक सफलता नभएको औंल्याएका छन्। बरू, यसले दुई वर्षभन्दा लामो समयदेखि विविध मोर्चामा युद्ध लडेपछि इजरायलले आफूलाई एक्लो महसुस गरेको गहिरो निराशालाई सङ्केत गर्ने तिनको भनाइ छ। गाजापट्टीमा व्यापक बमबारीपछि निम्तिएको आमविनाश, मृत्यु र भोकमरीले इजरायलका दुई सबैभन्दा महत्त्वपूर्ण सहयोगीहरू जर्मनी र संयुक्त राज्य अमेरिकामा जनमत उल्लेख्य बदलिएको छ। गाजामाथिको आक्रमण जारी राखेका कारण जर्मनीले इजरायलमाथि आंशिक हतियार प्रतिबन्ध लगाएको छ। युरोपभर वामपन्थी दलहरूले अहिले इजरायलको बहिष्कार र हतियार प्रतिबन्धलाई मुख्य मुद्दा बनाएका छन्।

अक्टोबरमा समेत गाजामा युद्धविराम नभएको भए, युरोपेली सङ्घले इजरायलविरूद्ध विभिन्न प्रतिबन्ध लगाउने थियो। युद्धविरामपछि पनि इजरायलको कूटनीतिक सम्बन्ध युद्धपूर्वको अवस्थामा फर्किनसकेको छैन। नरसंहारको विषयमा अन्तर्राष्ट्रिय न्यायालयमा परेको मुद्दा अझै चलिरहेकै छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले अदालतका न्यायाधीशमाथि प्रतिबन्ध लगाएपछि नेतान्याहुविरूद्धको पक्राउ वारेन्ट रद्द गरिएको छैन। पछिल्लोपटक युद्धविराममा हस्ताक्षर भएदेखि, वेस्ट बैङ्कमा इजरायली आतङ्क र जातीय सफाया जोडतोडसाथ चलिरहेको संसारले देखिरहेकै छ। गाजामा पनि युद्धविराम भनिएको छ, तर अझै इजरायली आक्रमण रोकिएको छैन। अक्टोबरयता पनि गाजामा सयौँ नागरिक मारिइसके।

नेतन्याहुले अमेरिकी राष्ट्रपति ट्रम्पकै युद्धविराम योजनालाई समेत तोडमोड गर्ने सक्दो प्रयास गरिरहेका छन्। यसमा गाजामा बस्ती विस्तार गर्ने मनसायबारे इजरायली रक्षामन्त्रीको बयान पनि समावेश छ। यही मुद्दामा जर्मन सरकारले इजरायलमाथि तत्काल प्रतिबन्ध लगाउनुपर्ने र हतियार ढुवानी रोक्नुपर्ने जर्मन वामपन्थी पार्टी 'डाई लिंकेका नेता जान भ्यान अकेनले आह्वान गरे। खासमा भ्यान अकेनको टिप्पणी जर्मन जनतामाझ निरन्तर गति लिइरहेको भावनासँग मेल खान्छ।




मन्त्रालयलाई यो कुरा राम्ररी थाहा होला। किनकि सन् १९६७ र १९७३ को युद्धपछि इजरायलले यस्तै खराब सम्बन्धको सामना गर्नुपरेको थियो। कमजोर हुँदा गाबोनजस्तो देशसँग पनि झुक्नुपरेको इतिहास छ।

सन् १९६७ को युद्धपछि, विदेश मामिलामा सम्बन्धविच्छेदको पहिलो लहर सुरू भएको थियो। त्यतिबेला, इजरायलले हरेक सम्भावित माध्यममार्फत थप सम्बन्ध क्षय रोक्ने प्रयास गरेको थियो। हाल सार्वजनिक भएका विदेश मन्त्रालयको सञ्चारअनुसार सन् १९७० मा गाबोनका राष्ट्रपति तथा तानाशाह ओमर बोंगोकी पत्नी जोसेफिन बोंगो इजरायलको भ्रमणका लागि आइपुगेकी थिइन्। भ्रमणमा इजरायलले आफू ओमरको तानाशाही शासनकै पक्ष रहेको देखाउने योजना बनाएको थियो। तर, कार्यक्रम योजनाअनुरूप अघि बढेन। इजरायली प्रधानमन्त्री गोल्डा मेयर मन्त्री इसरायल बर्जिलाईको अन्त्येष्टिमा भाग लिन जोसेफिन बोंगोको सम्मानमा आयोजित चिया पार्टी रद्द गर्न बाध्य भइन्। चियापार्टीमा प्रधानमन्त्रीको अनुपस्थिति र इजरायली मिडियाले आफ्नी श्रीमतीको भ्रमणलाई पर्याप्त महत्त्व नदिएको थाहा पाएर तानाशाह क्रोधित थिए।

त्यसलगत्तै उनले आफ्नी श्रीमती मात्र होइन, इजरायलका लागि देशका राजदूतसमेत तत्काल फिर्ता बोलाए। कूटनीतिक सम्बन्ध बिग्रिन लागेपछि इजरायल व्याकुल बन्यो। लामो वार्तापछि इजरायलले ग्याबोनका तानाशाहलाई दुई लाख डलर मूल्यको हतियार र अन्य सैन्य उपकरण उपहारमा दिएपछि बल्ल सम्बन्ध सुध्रिएको थियो। त्यही दौडधुपको प्रतिफलस्वरूप सेप्टेम्बर १९७२ मा संयुक्त राष्ट्र सङ्घ महासभामा ग्याबोन इजरायलविरूद्ध भएको मतदानबाट टाढा रहेको थियो। यति प्रयासका बाबजुद लगभग एक वर्षपछि, ग्याबोन पुनः सन् १९७३ को युद्धपछि इजरायलसँग सम्बन्धविच्छेद गर्ने दोस्रो लहरमा सामेल भयो।

भविष्यमा इजरायलको विदेश मन्त्रालयले फेरि गाजा युद्ध र यसको परिणामबारे जोडिएका फाइल खोल्दा वा कुनै पत्रकारिताको खोजले ल्याएको सूचनाले इजरायली सरकार विश्वभर आफ्नो कूटनीतिक सम्बन्ध जोगाउन केसम्म गर्न तयार थियो भन्ने खुल्ला। यसैअन्तर्गत हाल मन्त्री साआरले ट्विटमार्फत केही देशमा दूतावास खोल्न केसम्म गरिएको थियो भन्ने पनि पर्दाफास होला।

***(म्याक इजरायली मानव अधिकार वकिल तथा अभियन्ता हुन्)***

***- द वायरबाट***

# चीनको प्रगतिले सन् २०२६ मा विश्वलाई विश्वस्त पार्दै

✍ सीआरआई

नयाँ वर्षको पूर्वसन्ध्यामा चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले बेइजिङमा सन् २०२६ को नयाँ वर्षको सन्देश दिनुभएको थियो। न्यानोपन र अपेक्षाले भरिएका शब्दहरूमार्फत अन्तर्राष्ट्रिय समुदायले चीनको प्रगति, समृद्ध विकास र खुलापन र सहयोगको अनुभव गरेको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले यस नयाँ वर्षको सन्देशमा चीनको विश्वास र शक्तिलाई केन्द्रित गरेका छन्।

यो विश्वास चीनको दृढ र शक्तिशाली विकास गतिबाट आएको हो। गतवर्ष कर युद्ध र व्यापार युद्धबाट प्रभावित विश्वव्यापी अर्थतन्त्रले धेरै परीक्षणहरू पार गरेको छ। विश्वको दोस्रो ठुलो अर्थतन्त्रको रूपमा चीनले '१४ औँ पञ्चवर्षीय योजना' को अन्तिम वर्षमा अर्थतन्त्र दबाबमा अगाडि बढिरहेको र नयाँ र नविनतम दिशामा विकास गरिरहेको छ। वृद्धि दर लगभग ५ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ र यो विश्वको प्रमुख अर्थतन्त्रहरूमा क्रमबद्ध रहने छ। विश्व आर्थिक वृद्धिमा यसको योगदान लगभग ३० प्रतिशत कायम रहने छ, कठिनाइहरूबाट माथि उठ्न विश्वव्यापी विकासको लागि मुख्यशक्ति बन्ने छ।

नयाँ वर्षमा चीनको कूटनीति र सहयोगले धेरै प्रमुख घटनाहरूको साक्षी हुने छ। चीन र अफ्रिकाबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वार्षिकोत्सवको अवसरमा चीनले दोस्रो चीन-अरब शिखर सम्मेलन र ३३ औँ एपेक नेताहरूको अनौपचारिक बैठक आयोजना गर्ने छ। राष्ट्राध्यक्ष सीले औँल्याएझैं चीन सधैं इतिहासको सही पक्षमा उभिएको छ र विश्व शान्ति र विकासको प्रवर्द्धन गर्न र साझा समुदायको विकास र साझा समुदाय निर्माणको लागि चीन सधैं अन्य देशहरूसँग काम गर्न इच्छुक छ।


चिनियाँ सत्तारूढ पार्टीले १.४ अर्ब चिनियाँ जनतालाई एकताबद्ध र अगुवाईमा कडा परिश्रमले ठुला कुराहरू हासिल गर्न, नवप्रवर्तनद्वारा भविष्य जित्न, '१५औं पञ्चवर्षीय योजना' मा राम्रो सुरूवात हासिल गर्न प्रयास गर्न र चिनियाँ शैलीको आधुनिकीकरणमा निरन्तर नयाँ परिस्थितिहरू सिर्जना गर्न प्रयास गर्नेछ। विश्वस्त, खुला र अगाडि बढ्ने चीनले विश्वलाई थप आत्मविश्वास र शक्ति प्रदान गर्नेछ।

# स्केन्डिनेभिया र साम्राज्यवाद

✍ प्रभात पटनायक

स्केन्डिनेभियाली पुँजीवादको बारेमा धेरै भ्रमहरू छन् । स्केन्डिनेभियाली देशहरूमा विदेशमा उपनिवेशहरू नबनाई चुस्त पुँजीवादको विकास गरिएको छ भन्ने एउटा साझा धारणा छ । पुँजीवादी विकासका लागि साम्राज्यवादको आवश्यकता पर्छ भन्ने दाबीलाई यसले गलत साबित गर्छ । दशकौँदेखि मैले यो तर्क सुन्दै आएको छु । तर, यो धारणा भ्रामक छ । स्केन्डिनेभियाको हकमा मात्र नभई यस धारणाले साम्राज्यवादको विषयमा पनि भ्रम छर्छ ।

खासमा स्केन्डिनेभियाली सामाजिक प्रजातन्त्रतिर देखाउँदै पुँजीवादका लाभहरूबारे धेरै थरी सकारात्मक कुराहरू सुनाइन्छन् । (यद्यपि, नवउदारवादी युगको जाँतोमुनि यस्ता धेरै लाभहरू अहिले खतरामा छन् ।) तर, स्केन्डिनेभिया गैरसाम्राज्यवादी पुँजीवादको उदाहरण हो भन्नु पुँजीवादलाई बुझ्दै नबुझ्नु हो । स्केन्डिनेभियाली देशहरूका आफ्नै उपनिवेशहरू नहोलान् । तर, तिनीहरू अन्य साम्राज्यवादी मुलुकहरूको पिठ्यूँ चढेका थिए । दोस्रो विश्वयुद्धभन्दा अघि होस् वा पछि, उनीहरूले साम्राज्यवादको बुइँ चढ्न छोडेनन् । एकचोटि साम्राज्यवादी बन्दोबस्तीलाई केलाऔँ ।



हरेक सफल पुँजीवादी देशको आफ्नै साम्राज्य चाहिन्छ भन्ने छैन । एउटा सग्लो साम्राज्यवादी व्यवस्थाभित्र पुँजीवादी विकास भइरहन्छ । यस व्यवस्थाबाट थुप्रै उन्नत पुँजीवादी देशहरूले लाभ लिन्छन् । आफ्नै साम्राज्य नै नभए पनि ती देशले यस्तो लाभ लिन सक्छन् । उदाहरणको लागि बेलायती साम्राज्यवाद चरमचुलीमा छँदा बेलायती बजार युरोपभरिका मालसामानको लागि खुला गरिएको थियो । ती देशले आफ्नै बजार बनाउन आवश्यक थिएन किनभने तिनीहरू आफ्ना मालसामान बेच्न सजिलै बेलायती बजार पस्न सक्थे । किनभने, बेलायतमा औद्योगिकीकरण 'पहिले नै सुरु' भएकोले उसको श्रमको उत्पादकता भर्खर औद्योगिकीकरणमा वामे सर्दै गरेका देशहरूको भन्दा कम थियो र (ज्यालादर झन्डै समान राख्दा) उसको लागत बढी थियो । बेलायती साम्राज्यवादले आफ्ना उपनिवेश र अर्ध-उपनिवेशबाट थुपारेका कच्चा सामानहरूमाथि युरोपभरिका देशहरू र त्यसबेलाका अन्य वामे सर्दै गरेका पुँजीवादी देशहरूको पहुँच थियो । यी सामानहरूको आपूर्तिका लागि ती देशले आफ्नो छुट्टै बन्दोबस्ती मिलाउन आवश्यक थिएन ।

वास्तवमा सबै साम्राज्यवादी देशहरूले सदैव यो भूमिका बहन गर्छन् । यो पाटो उनीहरूको नेतृत्वकारी भूमिकाको अभिन्न अङ्ग हो । यसले आफ्ना प्रतिद्वन्द्वी देशहरूमा पुँजीवाद फैलाउन अनुमति दिन्छ । यसरी भर्खरै औद्योगिकीकरण गर्दै गरेका देशहरूले तिनको नेतृत्वमाथि गम्भीर चुनौती खडा गर्दैनन् । वास्तवमा 'नेता देशहरू' ले स्वदेशमै औद्योगिक पुँजीवादको विकासमा लागिरहेका प्रतिद्वन्द्वी देशहरूबाट मालसामान खपत गर्छन् । साम्राज्यवादी बन्दोबस्तीभित्रै आफूलाई शोधान्तर घाटाबाट आफूलाई जोगाउँछन् । बेलायतले आफ्ना उपनिवेशहरूमाथि लुटपाट वा 'ड्रेन' थोपरेर आफूलाई यस्तो घाटाबाट जोगाएको थियो । यसको लागि ऊसित पर्याप्त उपनिवेशहरू थिए । तिनको मद्दतले ऊ घाटाबाट जोगिन्थ्यो र ती देशहरूमा मनग्य पुँजी निर्यात पनि गर्थ्यो । युरोपेलीहरूले आवाद गरेका समशीतोष्ण देशहरू नै ती देश थिए ।

बेलायतपछि संरा अमेरिका पुँजीवादी विश्वको नेता बन्यो । ऊसित बेलायतसँग भएजति उपनिवेशहरू थिएनन् । तैपनि, उसले डलर छापीछापी आफ्नो शोधान्तर घाटा सम्हालिरह्यो । ब्रेटन वुड्स प्रणालीअनुसार अमेरिकी डलर 'सुनजत्तिकै असल छ' । (अमेरिकी डलरलाई ३५ डलर प्रतिऔंसका हिसाबले सुनमा फेर्न सकिन्छ ।) ब्रेटन वुड्स प्रणाली र सुन-डलर विनिमय व्यवस्था भताभुङ्ग भए पनि डलरलाई व्यवहारत: सुनजत्तिकै असल भनेर विश्वका धनीमानीहरूले स्वीकार्दै आएका छन् । तिनीहरूले नहिच्किचाई आफ्नो धन डलरमा थुपार्छन् ।

सारमा, समग्र पुँजीवादी विश्वलाई नेतृत्वकारी पुँजीवादी देशले आफ्नो पिठ्यूँमा बुइँ चढेर अघि बढ्न निम्तो गर्छ । हुनसक्छ, केही अघि बढेका देशहरूले यसले आफ्नो हातखुट्टा बाँधेको अनुभव गर्न सक्छन् र आफ्नै साम्राज्य खडा गर्ने प्रयास गर्न सक्छन् । तर, जसले यस्तो गर्दैन तिनले साम्राज्यवादको बैसाखीबेगर नै आफ्नो पुँजीवादको निर्माण गरे भन्न सकिन्न । स्केन्डिनेभियाली देशहरू यही कोटीका देश हुन् । नेतृत्वकारी पुँजीवादी शक्तिले खडा गरेको साम्राज्यका लाभहरूमा ती देशको पहुँच छ ।




यसरी आआफ्नै उपनिवेशहरू खडा नगरी स्केन्डिनेभियाली देशहरूमा पुँजीवादको विकास हुनुले पुँजीवादको विकासका लागि साम्राज्यवादी बन्दोबस्ती हुनुपर्छ भन्ने मतको खण्डन हुन्न । बरु यसले साम्राज्यवादी बन्दोबस्तीको पेचिलोपन उजागर गर्छ । यसबाट के स्पष्ट हुन्छ भने साम्राज्यवादी बन्दोबस्ती जोगाउन स्केन्डिनेभियाली देशहरू पनि त्यत्तिकै उत्सुक छन् जति अन्य प्रमुख पुँजीवादी देशहरू छन् । राजनीतिक कारणले मात्र यस्तो हुने होइन - साम्राज्यवादी 'सुरक्षा' बन्दोबस्त भङ्ग भए कुनै पनि विकसित पुँजीवादी देशको अस्तित्व धरापमा पर्नेछ र ऊ राजनीतिक घेराबन्दीमा पर्नेछ भनिन्छ । तर, त्यस्तो उत्सुकता ती देशको आर्थिक आवश्यकता पनि हो । साम्राज्यवादी बन्दोबस्त कमजोर भए पुँजीवादी महानगरीमा उत्पादन गर्न नसकिने उष्ण र अर्धउष्ण क्षेत्रका मालसामानको आपूर्ति बिथोलिन्छ । तिनको आपूर्तिको लागि पनि स्केन्डिनेभियाली देशहरूले साम्राज्यवादी बन्दोबस्त जोगाउन खोज्छन् ।

हालसालै नेटोको सदस्यता लिन स्वीडेन र फिनल्यान्डले दर्खास्त दिने निर्णय गरे । टर्कीले यस प्रक्रियामा भाँजो हाले ती देशहरू टर्कीसँग सम्झौता गर्न पनि तयार रहेको खबर छ । यसको लागि टर्की सरकारले दण्डित गर्न चाहेका कुर्द जातिका राजनीतिक शरणार्थीहरूलाई ती देशहरूले दिँदै आएको संरक्षण हटाइनेछ । यो सुनेर धेरैले आश्चर्य प्रकट गरे । निश्चय नै, युक्रेन युद्धको पृष्ठभूमिमा नै नेटोमा संलग्न हुने स्वीडेन र फिनल्यान्डको मनसाय बाहिर आएको हो । युक्रेन युद्ध तत्कालीन कारणमात्र हो । तिनले अडान फेर्नु खासमा एउटा गहिरो कुराको सङ्केत हो । पुँजीवादी विश्वमा एउटा मौलिक फेरबदल आउँदै छ भन्ने सङ्केत हो ।

यहाँनिर थप दुइटा कुरा छन् । पहिलो, उदाउँदा प्रतिद्वन्द्वी पुँजीवादी शक्तिहरूले नेतृत्वकारी पुँजीवादी देशको बजारमा खुला पहुँचको लाभ लिन्छन् । तर, घरेलु बजारमा हुने आयातमाथि करहरू थोपर्न सक्छन् । नेतृत्वकारी पुँजीवादी देशलाई पनि यसरी नै टाढा राख्न सक्छन् । यसरी नै आफ्नो राष्ट्रिय बजारलाई आफ्नै पुँजीपतिहरूको लागि सुरक्षित राख्न जर्मनी र संरा अमेरिकाले प्रथम विश्वयुद्धअघि आयातमा करहरू थोपरेका थिए । जब कि त्यति नै बेला उनीहरू बेलायती बजारमा घुसिरहेका थिए । यही असन्तुलनकै कारण बेलायतले पहिले सुरु गरे पनि ती देशले औद्योगिकीकरण गर्न सके । युरोपका अन्य देशको कथा पनि यही हो । दोस्रो, यी प्रतिद्वन्द्वी शक्तिहरूले बेलायती बजारमा मात्र पहुँच पाएका थिएनन्, बरु सन् १९२० र ३० को दशकसम्म बेलायती उपनिवेशहरूका बजारहरूमा पनि यिनको पहुँच थियो ।

दुई विश्वयुद्धबिच 'साम्राज्यवादी वरियता' को चाँजो मिलाइयो । यसमा थरीथरी करको व्यवस्था थियो । बेलायती साम्राज्यभित्र बनेका उत्पादनहरूको दाँजोमा बाहिर बनेका उत्पादनमाथि धेरै कर लगाइयो । कर व्यवस्थामा एउटा मोड आयो । खासगरी एसियाका बेलायती उपनिवेशहरूका बजारहरू कब्जा गर्ने जापानको तीव्र अभिलाषाविरुद्ध यो कदम चालिएको थियो । तर, जापान 'साम्राज्यवादी वरियता' को प्रमुख तारो भए पनि र जापानले 'साम्राज्य नै किन्ने' अभियान चलाएको भए पनि थरीथरी करको व्यवस्थाको अर्थ साम्राज्यवादी प्रणालीमै हेरफेर थियो । यो हेरफेर साम्राज्यवादी देशहरूबिचको शत्रुताको कारण र लक्षण दुवै थियो । दुई विश्वयुद्धबिच आएको मन्दीले साम्राज्यवादी देशहरूबिचको शत्रुताको झिल्को बालेको थियो । तर, यो हेरफेर आउनुअघि बेलायती उपनिवेशका बजारहरू बेलायतको लागि मात्र नभई प्रतिद्वन्द्वी शक्तिहरूका मालसामानको लागि पनि खुला थिए । तर, जापानको आर्थिक विस्तारवादले प्रथम विश्वयुद्धअघिको त्यो व्यवस्थामा बिगार गर्‍यो र बेलायतको प्रतिरक्षात्मक कारबाहीबाट त्यो व्यवस्थामा कायापलट भयो ।

'रुसी विस्तारवाद' ले निम्त्याएको खतराले गर्दा नै स्वीडेन र फिनल्यान्डले आफ्नो अडान फेरेको भनेर साम्राज्यवादीहरू दलिल दिँदै छन् । सम्पूर्ण दोष रुसमाथि थोपरिएको छ । तर, यो कुरा सत्यको कसीमा खरो उत्रिन्न । मानौँ रुसलाई 'विस्तारवादी' भन्ने भूत चढेको छ रे । तर, अहिलेसम्म उसको 'विस्तारवाद' ले ती भूभागहरूमात्र ओगटेको देखिन्छ जो कुनै बेला सोभियत सङ्घको हिस्सा थिए । स्वीडेन र फिनल्यान्ड यो भूभागमा पर्दैनन् । शीतयुद्धको चरमचुलीमा युरोपेली शक्तिहरू सोभियत खतराको हवाला दिँदै घाँटी सुक्ने गरी कुर्लिन्थे । बोल्शेभिकवादविरोधी अफवाहहरूले दिनदिनै युरोपेली सर्वसाधारणको दिमाग भर्थे । त्यस्तो बेला पनि स्वीडेन र फिनल्यान्ड नेटोप्रति उदासीन रहे । सोभियत सङ्घ विघटन भयो । साम्राज्यवादी बर्चस्वको लागि वैचारिक छेकबार कमजोर भयो । तैपनि, अकस्मात् ती देशले किन नेटोको सदस्यता पाउन दर्खास्त हालेका होलान् ?

उत्तर पश्चिमा साम्राज्यवादको वर्तमान दुर्दशामा छ । नवउदारवाद एउटा दीर्घकालीन सङ्कटमा फसेको छ । यही सङ्कटले गर्दा पश्चिमा साम्राज्यवाद भित्रैबाट भत्किँदै छ । दीर्घकालीन सङ्कटमा पिल्सिएको खण्डमा साम्राज्यवादी प्रभुत्वमा टेवा पुग्दैन । विश्व परिवर्तनको सङ्घारमा छ । पश्चिमा शक्तिहरू यो परिवर्तनलाई रोक्न हत्ते हाल्दै छन् । यसको लागि तिनीहरू उग्र हुँदै छन् । पश्चिमा बर्चस्वको अवसान हुने र वैकल्पिक शक्ति केन्द्रको रूपमा चीन तथा रुस उदाउने सम्भावित आसन्न परिवर्तनको डरले पश्चिमा देशहरूलाई एक ढिक्का बनाउँदै छ । यसमा स्केन्डिनेभियाली देशहरू पनि थपिएका छन् । यस्तो एकता पहिले कहिल्यै देखिएको थिएन । त्यसैले स्केन्डिनेभियाली देशहरूको अडानमा परिवर्तनले रुसको उग्रता झल्काउँदैन । बरु यसले त दीर्घकालीन आर्थिक सङ्कटमा घाँटीघाँटी हुनाले खतरामा परेको प्रभुत्व वा हैकमको चिन्ताले हतासिएका पश्चिमा शक्तिहरूको उग्रतातिर पो सङ्केत गर्छ ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*






इरानको राजधानी तेहरानमा इरानी इस्लामिक शासनको पक्षमा र साम्राज्यवाद र भाडाका टट्टुहरूको विरुद्धमा प्रदर्शन गर्दै इरानी जनता ११ जनवरी २०२६ आइतबारका दिन । *तस्बिर : तस्निम न्यूज एजेन्सी*

# क्युबासँगको सम्बन्धमा बाह्य हस्तक्षेप अस्वीकार्य : भेनेजुयला

काराकास, १२ जनवरी (सिन्हवा) । भेनेजुयलाले आइतबार क्युबासँगको आफ्नो 'ऐतिहासिक धारणा' पुन: दोहोऱ्याउँदै भ्रातृत्व, ऐक्यबद्धता, सहकार्य र सिद्धान्तप्रति दृढ प्रतिबद्धता व्यक्त गरेको छ । वाशिङटनबाट क्युबासँगको सम्बन्ध तोड्न बढ्दो दबावका बाबजुद भेनेजुयलाले आफ्नो अडान कायम राखेको हो ।

भेनेजुयला सरकारले जारी गरेको एक विज्ञप्तिमा जनताको आत्मनिर्णयको अधिकार र सार्वभौमिकताको स्वतन्त्र अभ्यासप्रति आफ्नो समर्थन दोहोऱ्याइएको छ । सरकारका अनुसार यी मूल्यहरू अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत स्तम्भ हुन् ।

विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा अन्तर्राष्ट्रिय कानुनमा समावेश सिद्धान्तहरूप्रति आफ्नो प्रतिबद्धता पनि स्पष्ट गरिएको छ । साथै, भेनेजुयला र क्युबाबिचको दीर्घकालीन तथा निरन्तर विकसित हुँदै आएको सम्बन्धलाई उल्लेख गरिएको छ ।

भेनेजुयला सरकारले राज्यहरूबिचको सम्बन्ध गैर-हस्तक्षेप, सार्वभौमिक समानता र आत्मनिर्णयको सिद्धान्तमा आधारित हुनुपर्नेमा जोड दिएको छ । कुनै पनि प्रकारका विवादहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्न 'राजनीतिक तथा कूटनीतिक संवाद' नै एक मात्र व्यवहारिक मार्ग भएको सरकारको धारणा छ ।

यो वक्तव्य अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबाट भेनेजुयलामाथि क्युबालाई अलग्याउन दबाब बढिरहेको समयमा आएको हो । ट्रम्पले भेनेजुयलालाई क्युबातर्फ जाने इन्धन तथा आर्थिक सहयोग रोक्न दबाब दिँदै आएका छन् ।

भेनेजुयलाले भने आफ्नो विदेश नीति स्वतन्त्र र सार्वभौमिक निर्णयमा आधारित हुने स्पष्ट पार्दै मित्र राष्ट्रहरूसँगको सम्बन्ध बाह्य दबाबका आधारमा परिवर्तन नहुने सङ्केत दिएको छ ।

# अनलाइन सुरक्षा सुनिश्चित गर्न अस्ट्रेलियाको नयाँ कदम

सिड्नी, १२ जनवरी (एएफपी) । मेटाले सोमबार अस्ट्रेलियालाई १६ वर्ष मुनिका किशोरहरूको लागि विश्वकै पहिलो सामाजिक सञ्जाल प्रतिबन्ध पुनर्विचार गर्न आग्रह गरेको छ । यसैबिच कम्पनीले नयाँ कानुनअनुसार पाँच लाख ४४ हजारभन्दा बढी खाता ब्लक गरेको जनाएको छ ।

गत वर्ष डिसेम्बर १० देखि अस्ट्रेलियाले मेटा, टिकटक र युट्युबजस्ता ठुला प्लेटफर्महरूलाई अवयस्क प्रयोगकर्ताहरूले खाता नखोल्ने आवश्यकता लगाएको छ । कानुन पालनामा यथोचित कदम नलिएको खण्डमा कम्पनीहरूले (३३ लाख अमेरिकी डलर) जरिवाना भोग्नुपर्नेछ ।

मेटाका संस्थापक मार्क जुकरबर्गले, इन्स्टाग्रामबाट तीन लाख ३१ हजार फेसबुकबाट एक लाख ७३ हजार र थ्रेड्सबाट ४० हजार भन्दा बढी खाता हटाइएको छ । कम्पनीले कानुन पालनामा प्रतिबद्धता जनाएको छ ।

मेटाले विज्ञप्तिमा भन्यो, "त्यसो भए पनि, हामी अस्ट्रेलियन सरकारले उद्योगसँग मिलेर सुरक्षित, गोपनीयता सुरक्षित, उमेरअनुसार उपयुक्त अनुभव प्रदान गर्ने उपाय खोज्न आह्वान गर्दछौं ।"

कम्पनीले पुन: अघिल्लो आह्वान दोहोऱ्याउँदै भनेको छ कि एप स्टोरहरूले मानिसहरूको उमेर प्रमाणित गर्न र १६ वर्षमुनिका बालबालिकाले एप डाउनलोड गर्नुअघि अभिभावकको स्वीकृति लिनुपर्ने छ । यसले मात्र किशोरहरूलाई प्रतिबन्ध बचाएर नयाँ एपतर्फ सर्नबाट रोक्न सक्नेछ ।

सरकारले सामाजिक सञ्जाल कम्पनीहरूलाई अस्ट्रेलियाली युवामाथि हुने नोक्सानीको जिम्मेवार बनाउनुपर्ने भनेको छ । सरकारी विज्ञप्तिमा भनिएको छ, "मेटाजस्ता प्लेटफर्महरूले आफ्ना प्रयोगकर्ताहरूको डेटा व्यावसायिक उद्देश्यका लागि सङ्कलन गर्छन् । उहाँहरूले उक्त जानकारी प्रयोग गरेर अस्ट्रेलियाली कानुन पालन गर्न र १६ वर्षमुनिका मानिसहरूलाई प्लेटफर्ममा नराख्न सुनिश्चित गर्न सक्नेछन् ।"

मेटाले अभिभावक र विज्ञहरूलाई पनि उद्धृत गर्दै भनेको छ, "प्रतिबन्धले किशोरहरूलाई अनलाइन समुदायबाट अलग पार्न सक्छ र केहीलाई कम नियन्त्रित एप तथा इन्टरनेटका अन्धकारमय भागतर्फ धकेल्न सक्छ । प्रारम्भिक प्रभावले 'अस्ट्रेलियाली किशोरहरूको सुरक्षा र भलाइ बढाउने उद्देश्य पूरा भएको छैन' भन्ने देखाउने कम्पनीको भनाइ छ ।"

उमेर निर्धारण गर्ने उद्योग मानकको अभावप्रति चिन्ता व्यक्त गर्दै, मेटाले अस्ट्रेलियाली कानुनको पालना 'बहु-स्तरीय प्रक्रिया' हुने बताएको छ । प्रतिबन्ध लागु भएदेखि कम्पनीले ओपनएज इनिसियेटिभ नामक गैर-नाफामूलक समूह स्थापना गरेर सहभागी प्लेटफर्महरूसँग प्रयोग गर्न मिल्ने उमेर-प्रमाणीकरण उपकरण एजेकीज (एजकीज) सुरु गरेको छ ।

# अमेरिकाले ग्रिनल्यान्डलाई 'कुनै न कुनै तरिकाले' लिनेछ : ट्रम्प

एयर फोर्स वन, १२ जनवरी (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाले ग्रिनल्यान्डलाई 'कुनै न कुनै तरिकाले' आफ्नो नियन्त्रणमा लिने दाबी गएका छन् । आइतबार एयर फोर्स वनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यदि वासिङटनले कदम नचाले रुस वा चीनले उक्त टापु 'कब्जा' गर्ने चेतावनी दिए ।

ट्रम्पका अनुसार आर्कटिक क्षेत्रमा रुस र चीनको सैन्य गतिविधि बढिरहेका बेला खनिज स्रोतले भरिपूर्ण डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्डमाथि नियन्त्रण अमेरिकी राष्ट्रिय सुरक्षाका लागि अत्यन्तै महत्त्वपूर्ण छ ।

उनले डेनमार्कको स्वशासित क्षेत्रसँग सम्झौता गर्न आफू खुला रहेको बताउँदै 'तर कुनै न कुनै तरिकाले ग्रिनल्यान्ड हामीसँग हुनेछ' भन्ने अभिव्यक्ति दिए । ट्रम्पको यस भनाइप्रति डेनमार्क र अन्य युरोपेली सहयोगीहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । ग्रिनल्यान्ड उत्तर अमेरिका र आर्कटिकबिच रणनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा रहेको छ र दोस्रो विश्वयुद्धदेखि नै त्यहाँ अमेरिकी सैन्य आधार अवस्थित छ ।

सन् १९५३ सम्म डेनमार्कको उपनिवेश रहेको ग्रिनल्यान्डले पछि स्वशासन पाएको थियो र पछिल्ला वर्षहरूमा डेनमार्कसँगको सम्बन्धलाई क्रमश: खुकुलो बनाउनेबारे बहस चलिरहेको छ । तर, टापुका अधिकांश बासिन्दा र राजनीतिक दलहरूले आफूहरू अमेरिकी नियन्त्रणमा जान नचाहेको स्पष्ट गर्दै आफ्नै भविष्य आफैँले तय गर्ने अधिकारमा जोड दिँदै आएका छन् । राष्ट्रपति ट्रम्पले भने यस दृष्टिकोणलाई पटक-पटक चुनौती दिँदै आएका छन् ।

यसअघि डेनमार्कका प्रधानमन्त्रीले ग्रिनल्यान्डमाथि बल प्रयोग गरेर नियन्त्रण गर्ने कुनै पनि अमेरिकी प्रयासले आठ दशकदेखि कायम रहेको ट्रान्सएटलान्टिक सुरक्षा सम्बन्धलाई गम्भीर रूपमा क्षति पुऱ्याउने चेतावनी दिनुभएको थियो । त्यसप्रति प्रतिक्रिया दिँदै राष्ट्रपति ट्रम्पले 'यदि यसले नाटोलाई असर गर्छ भने, असर गर्छ' भन्दै टिप्पणीलाई हल्का रूपमा लिने प्रयास गरेका थिए ।

## विश्व सङ्क्षेप

# अफगान प्रहरीद्वारा दुई बालकको उद्धार, अपहरणकर्ता पक्राउ

काबुल, १२ जनवरी (सिन्हवा) । अफगान प्रहरीले सोमबार उत्तरी अफगानिस्तानको सारी पुल प्रान्तमा दुई अपहरणकर्ताहरू लुकेको ठाउँमा छापा मारी दुई जना बच्चाहरूलाई उनीहरूको कब्जाबाट उद्धार गरेको प्रान्तीय प्रहरी प्रवक्ता नकीबुल्लाह अलाम्यारले बताउनुभएको छ ।

एक गुप्तचर सूचनाको आधारमा प्रहरीले शङ्कास्पद क्षेत्रमा अपरेसन सुरु गरी दुई अपहरणकर्ताहरूलाई पक्राउ गरी दुई उनीहरूले अपहरण गरेका बच्चाहरू फेला पारी उद्धार गरेको उहाँले बताउनुभएको छ ।

थप विवरण नदिई, प्रहरी अधिकारीले दुवै कथित अपहरणकर्ताहरूलाई प्रारम्भिक अनुसन्धान पूरा भएपछि न्यायपालिकामा हस्तान्तरण गरिने बताउनुभएको छ ।

पछिल्लो समयमा अपराध दर धेरै हदसम्म घटाइएको जनाइउको छ भने युद्धपछिको अफगानिस्तानमा शान्ति पुनर्स्थापित भएको उल्लेख गरिएको छ । यद्यपि, आपराधिक तत्वहरूले अझै पनि आर्थिक रूपमा गरिब देशमा फिरौतीका लागि धनी परिवारका सदस्यहरूलाई अपहरण गर्ने गर्ने गरेको उल्लेख गरिएको छ ।

# प्राविधिक समस्याले इसरोको अन्तरिक्ष मिसन अवरुद्ध

नयाँ दिल्ली, १२ जनवरी (सिन्हवा) । भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले सोमबार प्रक्षेपण गरेको रकेटमार्फत १६ वटा उपग्रह कक्षमा राख्ने मिसन असफल भएको छ । रकेटको तेस्रो चरणमा प्राविधिक गडबडी देखिएपछि उपग्रहहरू निर्धारित कक्षमा पुग्न नसकेको इसरोले जनाएको छ ।

इसरोका अनुसार रकेटले तय गरिएको उडान मार्गबाट ठुलो विचलन देखाएको थियो, जसका कारण उपग्रहहरू कक्षामा स्थापित गर्न सकिएन ।

'इन्डिया टुडे' अनलाइनले इसरोका अध्यक्ष वी. नारायणनलाई उद्धृत गर्दै जनाएअनुसार मिसनमा प्राविधिक समस्या देखिएको हो । उहाँले भन्नुभयो, "सुरुका चरणहरू सामान्य रहे पनि तेस्रो चरण (पीएस-३) मा कक्ष दाब अचानक घट्दा आवश्यक शक्ति प्रदान हुन सकेन । यसका कारण उडान मार्गमा ठुलो विचलन आयो र उपग्रहहरू कक्षामा राख्न सकिएन ।"

यसअघि इसरोले सामाजिक सञ्जाल एक्स (पूर्व ट्विटर) मा प्रकाशित गरेको सूचनामा भनेको थियो, "पीएसएलभी-सी६२ मिसनको तेस्रो चरणको अन्त्यतिर प्राविधिक गडबडी देखिएको छ । यस विषयमा विस्तृत विश्लेषण सुरु गरिएको छ ।"

# इरान वार्ता र युद्ध दुवैका लागि तयार छ : विदेशमन्त्री

पेरिस, फ्रान्स, २८ पुस (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सयौँको ज्यान जानेगरी भएको प्रदर्शनलाई लिएर सैन्य हस्तक्षेप गर्ने बारम्बार धम्की दिएपछि इरानका विदेशमन्त्रीले सोमबार इस्लामिक गणतन्त्र युद्ध र वार्ता दुवैका लागि तयार रहेको बताउनुभएको छ ।

सुरुमा आर्थिक गुनासोबाट सुरु भएको दुई हप्ताभन्दा बढी लामो विरोध प्रदर्शन सन् १९७९ को इस्लामिक क्रान्तिपछि इरानमा शासन गर्दै आएको इस्लामिक प्रशासनका लागि अहिलेसम्मकै सबैभन्दा ठुलो चुनौती बनेको छ ।

सङ्कटको गम्भीरताको सङ्केतपछि इरानी अधिकारीहरूले ८४ घण्टादेखि इन्टरनेटमा प्रतिबन्ध लगाएका छन् । सरकारले इन्टरनेटमा प्रतिबन्ध लगाउनु अधिकारकर्मीहरूको बुझाइमा इरानमा चलिरहेको आन्दोलनबारे नागरिकलाई यथार्थ तथ्य लुकाउनु र जानकारी बाहिरिन नदिनु हो ।

नर्वेमा मुख्यालय रहेको एक इरानी गैरसरकारी संस्था इरान ह्युमन राइट्स (आईएचआर) ले कम्तीमा १९२ प्रदर्शनकारीको मृत्यु भएको पुष्टि गरेको छ ।

"अप्रमाणित रिपोर्ट अनुसार सयौँको सङ्ख्यामा आन्दोलनकारीको मृत्यु भएको छ । आइएचआरले भनेको छ, "केही स्रोतले आन्दोलनका क्रममा मृत्यु हुनेको सङ्ख्या दुई हजारभन्दा बढी पुगेको हुनसक्ने र दुई हजार ६०० भन्दा बढी पक्राउ परेको बताएका छन् ।"

इरानमा प्रतिबन्धित विपक्षी समूह पिपुल्स मुजाहिद्दिन (एमइके) ले आफ्नो स्रोतलाई उद्धृत गर्दै तीन हजारभन्दा बढी व्यक्ति मारिएको बताएको छ ।

इरानको सरकारी मिडियाले सुरक्षा बलका दर्जनौं सदस्यहरू मारिएको र उनीहरूको अन्त्येष्टि सरकार समर्थक ऱ्यालीमा परिणत भएको बताएको छ ।

इरानबाट निस्किने समाचार संस्था तथा पत्रपत्रिकाहरूले प्रदर्शनको आकर्षण क्रमश: घट्दै गइरहेको बताएका छन् । तेहरानका गभर्नर मोहम्मद सादेग मोटामेदियनलाई उद्धृत गरी एक टेलिभिजनमार्फत प्रशारित अन्तर्वार्तामा प्रदर्शन घटिरहेको बताइएको छ ।

सरकारले 'दङ्गा' का पीडितहरूका लागि तीनदिने राष्ट्रिय शोकको घोषणा गरेसँगै सोमबार तेहरानमा प्रदर्शन निकालिएको छ । इस्लामिक गणतन्त्रको संस्थापन पक्षधरहरूले प्रदर्शनमा व्यापक सहभागिता भएको तस्बिर प्रसारण गरेको छ ।

# उपत्यकामा पोखरी यसकारण बनाए पुर्खाले

✍ शान्ति तामाङ

भक्तपुरको दूधपाटीमा रहेको बसपार्क छेउछाउ पुग्ने धेरैको एउटा लक्ष्य हुन्छ । त्यहाँको सुन्दर पोखरीमा टहलिने, माछालाई खानेकुरा खुवाउने, सुन्दर पोखरी वरपरको वातावरणमा एकछिन भए पनि थकाइ बिसाउने । दूधपाटी मात्र होइन, भक्तपुर नगरपालिकाभित्रको ३८ वटै पोखरीमा पुगेर मानिसहरू घण्टौँ बिताएर फर्किन्छन् ।

कुनै बेला भक्तपुर नेपालको राजधानी थियो । त्यसैले, राजधानीको पूर्वाधारकै रूपमा पोखरी अनिवार्य रूपमा निर्माण भएको इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् । "पोखरी नगर सभ्यताको प्रतीक थियो । पोखरी राजधानीको सौन्दर्यका लागि पनि नभई नहुने थियो । त्यसैले, शोभाको रूपमा मात्र नभई, वर्षभरि गरिने जात्रा चाडपर्वका लागि पनि पोखरीको महत्त्व धेरै थियो," उनले भने ।

भक्तपुरमा भएका धेरै पोखरीमध्ये सिद्धपोखरी (तः पुखु) पुरानो र ठुलो हो । २०



रानी पोखरी

वर्षअघि नै भक्तपुरको पोखरीबारे अनुसन्धान गरेका उनले यो पोखरी अस्तित्वमा आएको समयबारे केही प्रमाण भेटेका छन् । "भक्तपुरको पुरानो पोखरी सिद्धपोखरी लिच्छविकालतिरै बनेको थियो । पोखरीको पूर्वपट्टि खोपाहरू छन् । त्यहाँ बराहले पृथ्वी मातालाई उद्धार गरेको मूर्ति छ । त्यो लिच्छविकालीन मूर्ति हो । नेपाली साहित्यकार तथा चित्रकार लैनसिंह बाङ्देलले वराहको त्यो मूर्तिलाई पाँचौँ शताब्दीको भएको बताएका थिए ।" इतिहासविद् श्रेष्ठले भने ।

त्यही ठाउँमा एउटा शिलालेख भेटिएको छ । तर, त्यो शिलालेख पढ्न सकिने अवस्थामा छैन । मूर्तिको शीर्ष भागमा केही बुट्टा छन्, त्यस आधारमा त्यो शिलालेख १२ औँ शताब्दीतिरको भएको देखिन्छ । सिद्धपोखरीलाई पछि पर्खाल, पेटीसहित बनाउने काम नेपाल संवत् २४८ तिर इन्द्रदेव नामका युवराजले बनाउन लगाए । श्रेष्ठका अनुसार पोखरीको आसपासमा बौद्ध चैत्य पनि छ । पूर्वपट्टि शिवलिङ्ग छ । यसले धार्मिक समन्वय र सांस्कृतिक एकता र सद्भावको उदाहरण प्रस्तुत गरेको छ । त्यहीँ गुहेश्वरी पीठ छ । भक्तपुरका बज्राचार्य तान्त्रिक विधिद्वारा पूजाआजा गर्न अहिले पनि त्यहाँ जान्छन् ।

सिद्धपोखरीको नजिक रहेको भाजु पोखरी १२ औँ शताब्दीमा बन्यो । त्यहाँ देवाली पूजा गर्न अझै स्थानीय जान्छन् । कालदह पुखु हेर्दा सानो तर धार्मिक, सांस्कृतिक जीवनसँग जोडिएको पोखरी हो । जनैपूर्णिमाको दिन पोखरीमा गएर स्नान गर्ने परम्परा छ । पोखरीलाई गोसाइँकुण्डको रूप मानिन्छ । विभिन्न प्रयोजनका लागि बनेका यी पोखरीको आफ्नै धार्मिक, सामाजिक, सांस्कृतिक, वातावरणीय महत्त्व छ । तर, वि.सं. १८२६ मा मल्ल राज्यको पतनपछि भने भक्तपुरमा यस्ता सम्पदा बेवास्तामा परे । श्रेष्ठले भने, "मल्ल राज्यको पतनपछि भक्तपुर सामान्य जिल्लाका रूपमा मात्र रह्यो । अरू वास्तु कृतिसँगै पोखरीको पनि संरक्षण हुन सकेन । यहाँको विकासमा पूर्णविराम नै लाग्यो भन्नुपर्छ । करिब ४० वर्षअघि भएको सांस्कृतिक पुनर्जागरणपछि भने यहाँको पोखरीलगायत सम्पदा संरक्षणमा समुदाय जुटेका छन् । स्थानीय जनप्रतिनिधि आएपछि उनीहरूले चासो देखाएका छन् । यसले इतिहास ब्युँताउने काम भएको छ ।"

**यसकारण पोखरी महत्त्वपूर्ण**

पोखरी कति महत्त्वपूर्ण छ भन्ने जानकारी हासिल गर्न काठमाडौँ उपत्यकाको पानी प्रणालीबारे अध्ययन गरेका अध्येता तथा इन्जिनियर पद्मसुन्दर जोशीको 'हिटी प्रणाली' पुस्तक पढ्न उपयुक्त हुन्छ । उनले पुस्तकमा पोखरीको महत्त्व दर्साउन मध्यपुर थिमि नगरपालिकाअन्तर्गत बोडे नगरलाई बलियो उदाहरणको रूपमा पेस गरेका छन् । नगरमा बस्तीभित्र दुई र बस्तीबाहिर चारवटा पोखरी छन् । "पलेस्वाँ पुखु, खाँसी पुखु र द्योबुं पुखु बस्तीको उत्तरमा रहेको भिरालोको ठीक माथि छन्, जसले बस्तीलाई मनहराको भिरतिर भासिनबाट बचाउँछ । बस्तीबाहिर दक्षिणतिरको क्वय् पुखुले वर्षाको समयमा पानी सङ्कलन गरी यसभन्दा दक्षिणको खेतलाई जोगाउने काम मात्र गर्दैन, वर्षापछि सिँचाइका लागि पानीसमेत उपलब्ध गराउँछ," उनले पुस्तकमा उल्लेख गरेका छन् ।

उनका अनुसार नेवाः सभ्यतामा सिरानका पोखरी, बस्तीबिचका पोखरी, बस्ती पुछारका पोखरी र फ्वती वा फ्वंगा थिए । चारै प्रकारका पोखरीको उत्तिकै महत्त्व भए पनि बस्तीबिचका पोखरीबारे जोड दिँदै उनले लेखेका छन्, "बस्तीबिचका पोखरीले एकातिर निकासका लागि बनाइने बर्खे ढलको आकार सानो बनाइरहेको र त्यसको मर्मत-सम्भारलाई सजिलो पारिरहेका हुन्छन् भने अर्कोतिर घरेलु उपयोगका कतिपय काम गर्न पानी उपलब्ध गराइरहेका हुन्छन् ।"

**पोखरीलाई पर्यटनसँग जोड्दै**

हिजोको अवस्थामा जुन प्रयोजनका लागि पोखरी निर्माण भयो, सोहीअनुसार प्रयोजनमा नआए पनि हाल नगरपालिकाले पोखरीलाई पर्यटनसँग जोडेर काम गरिरहेको छ । पोखरीलाई ऐतिहासिक सम्पदाको रूपमा अँगीकार गरेर नगरपालिकाले संरक्षण, संवर्द्धनको काम गरेको छ । करिब ४० वर्षदेखि नै पोखरीको मर्मतसम्भार, संरक्षण हुँदै आए पनि सङ्घीयतापछि आएको जनप्रतिनिधिले पनि पोखरीको मर्मलाई मनन गरेको हो । सोहीअनुसार पोखरीलाई



भाजु पोखरी

पर्यटनसँग जोडेर आम्दानीसमेत गरिरहेको नगरपालिकाले जनाएको छ ।

भक्तपुर नगरपालिका प्रशासकीय अधिकृत दामोदर सुवालका अनुसार परम्परागत पानीका स्रोत इनार, ढुङ्गेधारा, पोखरी, कुवा पुरानो नेवार सभ्यता हो । उनले भने, "ऐतिहासिककालमा भक्तपुरका बासिन्दाको दैनिक आवश्यकता जस्तै-घरायसी आवश्यकता, कृषि आवश्यकता, पशुपालनसम्बन्धी आवश्यकता पूरा गर्न र नगरको वातावरणको र पर्यावरणलाई सन्तुलनमा राख्न नगरभरि विभिन्न आकार र क्षेत्रफलका पोखरी निर्माण भएका छन् । ती संरचनाको धेरै



सिद्ध पोखरी

पहिलेदेखि समुदायले आफ्नो हित, धर्म, संस्कृति परम्परासँग जोडेर मर्मत सम्भार र संरक्षण गर्दै आएको छ । पछिल्लो जनप्रतिनिधि आएपछि सांस्कृतिक पर्यटनसँग जोडेर जनचेतना फैलाउने र पर्यटन उद्योगसँग जोडेर विभिन्न गतिविधि गर्ने प्रयास भएका छन् ।"

**१२ औँ शताब्दीमा बनेको भाजु पोखरी**

नगरपालिकाभित्र रहेका सिद्धपोखरी, रानीपोखरी, कलविनायक पोखरीलगायगत आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षणको केन्द्रबिन्दु भएको छ । ती पोखरी संरक्षणका लागि नगरपालिकाले दर्जनौँ जनशक्तिको समेत व्यवस्था गरेको छ । पोखरी नै हेर्नका लागि आउने पर्यटकको यकिन तथ्याङ्क नभए पनि इतिहास, संस्कृति, जीवनशैली, मौलिक सांस्कृतिक पर्यटनको आधार भएकोले यस्ता परम्परागत पानीका स्रोत पर्यटकको अध्ययन र आकर्षणको केन्द्र भएको छ ।

सुवालले भने, "केही पोखरी भक्तपुर विकास परियोजना भनेर ८० को दशकमा पश्चिम जर्मन सरकारको सहयोगमा जीर्णोद्धार भयो । केही पोखरीको परम्परागत शैलीमा जीर्णोद्धार नगरी ढलान गरियो, जसमा पानी अडेन । अहिले त्यहाँ पानी अडिने बनाउने काम भइरहेको छ । कति ठाउँमा पोखरी चुहिने, भत्किने, टालिने भएकोले त्यसमा पनि आवश्यकताअनुसार मर्मत-सम्भार, जीर्णोद्धारको काम हुँदै आएको छ ।" नगरपालिकाका अनुसार पोखरीलाई सौन्दर्यीकरण गर्न माछा पाल्ने, फोहोरा हाल्ने, पर्खाल लगाउने, बत्तीको व्यवस्था गर्ने, गमला राखेर फूल रोप्नेलगायत काम भइरहेका छन् । पोखरीमा माछापालन गरेर आम्दानी गर्नेसमेत काम भएको छ ।

काठमाडौँ उपत्यका खानेपानी विकास बोर्डका अनुसार उपत्यकाका १० नगरपालिकामा भएका पोखरीको सङ्ख्या दुई सय ३३ छन् । सबैभन्दा धेरै ललितपुर नगरपालिकामा ६५ पोखरी छन् । काठमाडौँ महानगरपालिकामा १५, भक्तपुर नगरपालिकामा ३८, मध्यपुर थिमि नगरपालिकामा २०, कीर्तिपुर नगरपालिकामा १०, महालक्ष्मीमा २०, गोदावरी नगरपालिकामा २८, चन्द्रागिरि नगरपालिकामा २०, शङ्खरापुर नगरपालिकामा १० र टोखा नगरपालिकामा सात पोखरी रहेका छन् । भक्तपुरका ५० पोखरीमध्ये हाल ३८ मात्र अस्तित्वमा रहेका छन् । बाँकी १२ विभिन्न कारणले हराएका छन् । नगरपालिकाका अनुसार तत्कालीन आवश्यकता पूरा गर्न र सुरक्षाका दृष्टिले पोखरी पुरेर संरचना निर्माण भएका ठाउँको पोखरी हराएका हुन् ।

*- 'नयाँ पत्रिका' बाट*

# निर्वाचन नजिकिएसँगै देशमा विदेशी चलखेल तीव्र !

✍ दुर्गा

देशमा प्रतिनिधिसभाको निर्वाचन फागुन २१ गते नजिकिँदै छ । नेताहरूको दिल्ली दौड पनि तीव्र भएको छ । पुस ७ गते प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक एवं पूर्व प्रम बाबुराम भट्टराई भारत गएर फर्किसकेका छन् । उनी भारतका पूर्वराजदूतहरू, उच्च अधिकारीहरूसँग भेटेर नेपाल फर्केका हुन् । उनी फर्केकोलगत्तै एमाले अध्यक्ष केपी ओलीसँग भेटघाट गरेर नेकपा संयोजक एवं पूर्वप्रम पुष्पकमल दाहाल दुईदिने दिल्ली यात्रामा निस्के । उनी राष्ट्रिय विमानस्थलमा नपुग्दै काङ्ग्रेस नेतृ एवं पूर्वपरराष्ट्रमन्त्री आरजु राणा त्यहाँ उत्रेकी थिइन् । उनी दिल्ली उपचारको नाममा गएको भए तापनि काङ्ग्रेस सभापति शेरबहादुर देउवाको प्रतिनिधिको रूपमा गएको नेताहरूको भनाइ छ । प्रम सुशीला कार्कीका श्रीमान् दुर्गाप्रसाद सुवेदी पनि उपचारका लागि आइतबार दिल्ली पुगेका छन् । त्यस्तै एक कार्यक्रममा भाग लिने नाममा रास्वपाका उपसभापति स्वर्णिम वाग्ले पनि बिहीबार दिल्ली पुगेका छन् । उनी भारतका प्रम नरेन्द्र मोदीको प्रमुख सुरक्षा सल्लाहकार अजित डोभाल संस्थापक निर्देशक रहेको विवेकानन्द फाउन्डेसनले आयोजना गरेको सेमिनारमा सहभागी भएका छन् । सोही सेमिनारमा काङ्ग्रेस नेता केन्द्रीय सदस्य गोविन्द पोखरेल पनि सहभागी भएका थिए । नेता पुष्पकमल दाहालको पनि उहीँ भारतीय प्रम नरेन्द्र मोदीको प्रमुख राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेटवार्ता भएको सञ्चारमाध्यममा आएको छ । आरजु राणा दिल्ली गएकै दिन राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल पनि दिल्ली गएका थिए । नेताहरूको दिल्ली दौडको परिणाम तत्काल देखिए पनि प्रभाव भविष्यमा देखिने छँदै छ ।

प्रतिनिधिसभाको हुन लागेको निर्वाचनमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको देशमा चलखेल तीव्र भएको राजनीतिक विश्लेषकहरू बताउँछन् । उनीहरू, यहाँ आफ्नो कठपुतली, दलाल सरकार गठन गरेर महाकाली सन्धि, एमसीसीजस्ता अरु देशघाती सन्धि गर्न लगाएर देश मुठीमा पार्न चाहन्छन् । यसले चीन अनि भारतलाई पनि अप्ठेरोमा पार्ने वा फसाउने निश्चित छ । बारबरा फाउन्डेसन, समता फाउन्डेसन, नेपाल युथ काउन्सिललगायतका एनजीओ, आइएनजीओको प्रभावमा रहेका मानिसहरूको वर्तमान सरकार छ भन्ने कुरा पनि बिर्सनु हुँदैन । दलीय राजनीति (रास्वपाको पक्ष) मा सक्रिय भएको अभिव्यक्ति दिएको भनेर प्रम सुशीला कार्कीले कुलमान घिसिङ, जगदिश खरेल र बब्लु गुप्ताको मन्त्री पदबाट राजीनामा मागेकोमा मन्त्री घिसिङले पदबाट राजीनामा दिइसकेका छन् ।

ठुला शासक पार्टी भनिएका काङ्ग्रेस, एमाले आफ्नै खुट्टामा उभेर, छुट्टै अस्तित्व बोकेर चुनाव लड्ने आँट गर्न सकेका छैनन् । त्यसैले उनीहरू विगतमा खाईपाई आएको पद, सुविधा गुम्ला भनेर डराइरहेको समाचार बाहिर आयो । विचार, सिद्धान्त, देशभक्त र त्यसअनुसारको आचरण, व्यवहार नहुँदा त्याग, नैतिकता, देशभक्त भावनाले गर्न नसक्दा जसरी पनि छिटो पैसा कमाउने, त्यसको लागि जसरी पनि पद सुविधा हत्याउनमा लाग्दा त्यसको फल आज उनीहरूले भोग्दै छन् ।

उनीहरूले सदन र सडकमा देशको रक्षा, देशभक्ति भावना, त्याग, मेहेनत, सङ्घर्षको भावना देखाउन सकेका छैनन् । यदि यसो हो भने देशमा देशघाती एमसीसी, एसपीपी, नागरिकता ऐन, महाकाली सन्धि, विदेशी हस्तक्षेप, लगानी बोर्ड, देशको उद्योग, कारखाना, कृषि, अर्थतन्त्र शिक्षा, स्वास्थ्य दयनीय हुने नै थिएनन् । देशको कर्णधार भनिएको लाखौँ, करोडौँ युवा, विद्यार्थीहरू पढाइ र रोजगारी, पैसा कमाउने नाममा विदेश पलायन हुन बाध्य हुने थिएनन् । उनीहरूले ती युवा विद्यार्थीहरूलाई पलायन हुनबाट रोक्थे; उनीहरूलाई देशमै बरोजगारी दिएर देशलाई आफ्नै खुट्टामा उभ्याउँथे ।

विदेशी शक्तिले नेपालमा पनि नेपाली जेलेन्स्की जन्माउँदै छ भनेर विश्लेषकहरूले चिन्ता व्यक्त गरेका छन् । बारबरा फाउन्डेसन, समता फाउन्डेसन, नेपाल युथ काउन्सिल आदि गैरसरकारी संस्थासँग आबद्ध भएको कुराले पनि पुष्ट गर्दछ । अमेरिकी साम्राज्यवादले हिजो ल्याटिन अमेरिका, अफ्रिकी देशहरू, पूर्वी युरोप, एसियाली देशहरूमा यस्ता कठपुतली, देशद्रोहीहरूलाई हतियार बनाएर उपद्रोव मच्चाएका थिए । त्यसको माध्यमबाट देशभक्त राष्ट्रपति, प्रधानमन्त्री, नेताहरूलाई अपदस्थ, अपहरण गरेको जनताले देखेकै छन् । हालै मात्र भेनेजुयलाका देशभक्त राष्ट्रपति निकोलस मादुरोलाई आतङ्कवादी शैलीमा अपहरण गरेर लगेका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुनलाई कागजको खोस्टो बनाएर संसारलाई चुनौती दिएका छन् । यसको परिणाम उसले एक दिन भोग्नैपर्छ । उनीहरू आफ्नै देशभक्त नेताहरूलाई सिध्याउँछन् । उनीहरू आफू अनुकूलको कठपुतली सरकार बनाएर लुट्छन् । यसको सिकार हाल भेनेजुयला र मादुरो भएका छन् । आगामी प्रतिनिधिसभाको निर्वाचनलाई दृष्टिगत गरी भारत र अमेरिकाले आ-आफ्नो चलेखेल बढाएका वा तीव्र पारेका नेताहरूको दिल्ली दौड, फुट र जुटले देखाइरहेका छन् । विकास, सहयोग, व्यापार र लगानीको नाममा लाखौँ भारतीयलाई नेपाली नागरिक बनाइसकेको यी तमाम विकृति रोक्न, विदेशी चलखेलबाट देशलाई जोगाउन सबै नेपाली जनता, दल सचेत हुनु जरुरी छ ।

# हार्दिक समवेदना



जन्म
१९९६

स्वर्गारोहण
२०८२/०९/१७

यस इवामुरा कलेज अफ हेल्थ साइन्स तथा डा. इवामुरा मे. अस्पतालका सञ्चालक शैलेन्द्र प्रकाश बुढाथोकीको ममतामयी सासूआमा **खेस कुमारी अधिकारी**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

**इवामुरा कलेज अफ हेल्थ साइन्स**
**तथा**
**डा. इवामुरा मे. अस्पताल परिवार**

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरूले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहुन अनुरोध छ ।

### गतिविधि





सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजना तथा राष्ट्रिय बाली अनुसन्धान केन्द्रको प्राविधिक सहयोग र सिद्धि कृषि सहकारी संस्थाको समन्वयमा सम्पन्न मौसमी बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रममा सहभागी सदस्यहरू ।





स्वास्थ्य उपसमितिको आयोजनामा सम्पन्न मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षणको औपचारिक कार्यक्रममा मन्तव्य राख्नुहुँदै अतिथि डा.रत्नसुन्दर लासिव तथा स्वास्थ्य परीक्षण गर्नुहुँदै डा. किसनकुमार कुशुहवा ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# खासा क्षेत्रको वनमा भीषण डढेलो लागेपछि तातोपानी नाका बन्द

चौतारा, २८ पुस: चीनको न्यालम-खासा क्षेत्रको सीमावर्ती वनमा भीषण आगलागी भएपछि नेपाल-चीन उत्तरी व्यापारिक नाका तातोपानी सोमबारदेखि पूर्ण रूपमा बन्द गरिएको छ ।

चिनियाँ प्रशासनले सुरक्षा जोखिम बढेको भन्दै नाकाबाट हुने सम्पूर्ण आवतजावतमा रोक लगाएको हो । आइतबार राति न्यालम र खासाको मध्यभागसहित 'छोबिन' क्षेत्रमा सुरु भएको आगलागी हालसम्म नियन्त्रणमा नआएपछि नाका बन्द गर्ने निर्णय गरिएको इलाका प्रहरी कार्यालय कोदारीका प्रहरी निरीक्षक जगतबहादुर राईले जानकारी दिनुभयो । आगो फैलँदै गएपछि स्थानीय तथा पर्यटक आवतजावतसँगै मालबाहक सवारीसाधनको आवागमनसमेत बन्द गरिएको उहाँले बताउनुभयो ।

प्रहरी निरीक्षक राईका अनुसार गत वर्षको बाढीले रसुवा नाका बन्द भएपछि चीनसँगको अधिकांश व्यापार तातोपानी नाकामार्फत हुँदै आएको छ । आजदेखि नाका बन्द भएपछि सामान बोकेका कन्टेनर रोकिएर समस्या भएको नेपाल ट्रक कन्टेनर मजदुर सङ्घका अध्यक्ष अर्जुन सापकोटाले बताउनुभयो ।

*रासस*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप इन्जिनियरिङ कलेज
## ख्वप कलेज अफ इन्जिनियरिङ

लिबाली, भक्तपुर, फोन नं. ५१२२०९४/५१२२०९८

## जिन्सी मालसामानहरू लिलामसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति २०८२ पुस २९ गते**

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा रहेका विभिन्न पुराना जिन्सी मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित मितिले १५ औं दिन (२०८२ माघ १३ गते दिनको २:०० बजे) कार्यालय समयभित्र निवेदनसाथ रू.१,०००।-(रू. एक हजार फिर्ता नहुने) कलेजको लेखा शाखामा बुझाई जिन्सी शाखाबाट दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको (२०८२ माघ १४ गते) १२:०० बजेभित्र छुट्टा-छुट्टै रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कलेजमा सम्पर्क राख्नुहोला ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा